


जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com

वर्ष २७ • अंक ९१ • २०८२ साल भाद्र ३ गते मंगलबार (19 August, Tuesday, 2025) • पृष्ठ ८ • मूल्य रु. ५।-

## मधेशमा सबैभन्दा कम धान रोपाइँ

**टुडे समाचारदाता**

जनकपुरधाम। मधेश प्रदेशमा यस वर्ष ८६ प्रतिशत धान रोपाइँ भएको छ।

देशभर ९४ प्रतिशत धान रोपाइँको तथ्यांक रहे पनि सबैभन्दा कम मधेश प्रदेशमै धान रोपाइँ भएको छ।

अहिले देशभरमा ९४ दशमलव १५ प्रतिशत धान रोपाइँ सम्पन्न भएको कृषि विभागले जनाइएको छ। गत वर्ष सोही अवधिमा ९८ दशमलव ४४ प्रतिशतभन्दा बढी धान रोपाइँ भएको थियो।

सबैभन्दा बढी सुदूरपश्चिम प्रदेशमा ९९ दशमलव ७२ धान रोपाइँ भएको छ। त्यस्तै कर्णाली प्रदेशमा ९९ दशमलव ३४ प्रतिशत, लुम्बिनी प्रदेशमा ९८ दशमलव ०७ प्रतिशत रोपाइँ हुँदा बागमती प्रदेशमा ९७ दशमलव २७ प्रतिशत, गण्डकी प्रदेशमा ९४ दशमलव ८३ प्रतिशत र कोशी प्रदेशमा ९४ दशमलव ४२ प्रतिशत रोपाइँ भएको जनाइएको छ।

देशभर करिब १३ लाख हेक्टर क्षेत्रफल जमिनमा रोपाइँ सम्पन्न भएको छ। मुलुकभर करिब १४ लाख हेक्टर जमिन खेतीयोग्य रहेको कृषि तथा पशुपक्षी विकास मन्त्रालयले जनाएको छ।

### जसपा नेपालमाथि संकटको कालो बादल

# गौर हत्याकाण्डको फाइल खोलिने, रौतहटका अधिकांश नेतामाथि आरोप

**टुडे समाचारदाता**

काठमाण्डु। रौतहट जिल्लाको गौर हत्याकाण्डको फाइल खोलिने भएको छ। १८ वर्ष पुरानो गौर हत्याकाण्डमा १ सय ३० जनाको नाम आरोपीको सुचीमा राखिएको छ। पीडितहरुको तर्फबाट दिएको जाहेरीमा जनता समाजवादी पार्टी(जसपा) नेपालका अध्यक्ष उपेन्द्र यादवको नाम ७ औं नम्बरमा रहेको छ।

सर्वोच्च अदालतले रौतहटको गौर हत्याकाण्डमा छानबिन गरी कारबाहीको माग गर्दै परेको रिटमा सोमवार परमादेश जारी गरेको छ।

न्यायाधीशद्वय तिलप्रसाद श्रेष्ठ र नित्यानन्द पाण्डेयको संयुक्त इजलासले जिल्ला प्रहरी कार्यालय रौतहटको नाममा परमादेश जारी गरेको सर्वोच्चका सूचना अधिकारी निराजन पाण्डेले जनाएका छन्।

१८ वर्ष पूर्व गौरमा भएको हत्याकाण्डको छानबिन गरी दोषीमाथि कारबाही हुनुपर्ने मागसहित पीडितहरुले रिट दायर गरेका थिए। गौर हत्याकाण्डमा मारिएकाहरूका आफन्तहरूले जिल्ला प्रहरी कार्यालय रौतहटमा जाहेरी दिँदासमेत छानबिन नभएको भन्दै अनुसन्धान अघि बढाउन आदेश माग गर्दै सर्वोच्चमा रिट हालेका थिए।

जाहेरीमा गौर नगरपालिकाका पूर्वमेयर समेत रहेका नेकपा एमालेका रौतहट जिल्ला इञ्चार्ज अजय कुमार गुप्ताको नाम १ नम्बरमा रहेको छ। गौर नगरपालिकाका वर्तमान मेयर शम्भु साहको नाम १११ औं नम्बरमा रहेको छ। नेपाल पत्रकार महासंघ रौतहटका पूर्वसभापति प्रेमचन्द्र झाको नाम पनि जाहेरीमा उल्लेख छ।

नेपाली कांग्रेस रौतहटका सचिव रामचन्द्र यादवको नाम समेत जाहेरीमा रहेको छ। जसपा नेपालका नेता किशोरी यादव लगायतका नेताहरुको नाम पनि जाहेरीमा रहेको छ।

रौतहट जिल्लालाई केन्द्र बनाएर राजनीति गर्ने तत्कालीन नेकपा माओवादी बाहेक पार्टीका प्रमुख नेताहरुको नाम जाहेरीमा रहेको गौरस्थित टुडे सहकर्मी सञ्जय मिश्रले जनाएका छन्।

२०६३ साल चैत ७ गते रौतहटको गौरमा रहेको राइस मिलमा तत्कालीन मधेशी जनअधिकार फोरम र तत्कालीन नेकपा माओवादीले एकै स्थानमा मञ्च तयार पारी कार्यक्रमको आयोजना गर्दा हिंसात्मक झडप भएको थियो। सो घटनामा माओवादी तर्फका २७ जनाको हत्या भएको थियो। हत्यामा तत्कालीन फोरमका अध्यक्ष समेत रहेका वर्तमान जसपा नेपालका अध्यक्ष समेत रहेका पूर्व उपप्रधानमन्त्री उपेन्द्र यादवलगात फोरमसम्वद्ध नेता, कार्यकर्ताको संलग्नता रहेको दाबी गरिँदै आएको छ। २०८० सालमा नेकपा माओवादी केन्द्रका नेता नारायणकाजी श्रेष्ठ गृहमन्त्री रहेका बेला आम जनता पार्टी(आजपा)का अध्यक्ष समेत रहेका सांसद प्रभु साहले गौर हत्याकाण्डको अनुसन्धान गर्न दबाबमूलक संघर्ष गरेका थिए। उनकै पार्टीका महासचिव रहेका त्रिभुवन साहले पीडित परिवारको तर्फबाट सर्वोच्चमा मुद्दा दर्ता गरेका थिए।अदालतको परमादेशपछि गौर हत्याकाण्डको अनुसन्धान हुने भएको छ।

हत्याकाण्डविरुद्ध जिल्ला प्रहरी कार्यालय रौतहटमा जाहेरी दिँदा प्रहरीले छानबिन गरी दोषीमाथि मुद्दा दायर नगरेको भन्दै पीडितका परिवार तथा आफन्तले सर्वोच्च अदालतमा मुद्दा दर्ता गराएका थिए।

पीडित परिवारका तर्फबाट त्रिभुवन साहले दर्ता गराएको सो रिटमा घटनाको पुनः अनुसन्धान र प्राप्त प्रतिवेदनका आधारमा मुद्दा दायर गर्न माग गरिएको थियो। मुद्दामा रौतहट प्रहरी, सरकारी वकिल कार्यालय, प्रहरी प्रधान कार्यालय, गृह मन्त्रालयलगायतलाई विपक्षी बनाइएको छ।

मानवअधिकार आयोग र सरकारद्वारा गठित छानबिन समितिलगायतका निकायहरुले दिएको प्रतिवेदनमा फरक फरक राय रहेपनि कुल १ सय ३० जनाको नाम जाहेरीमा समेटिएको छ।

जाहेरी दरखास्तमा ६६ जनाको नाम उल्लेख रहेकोमा छानबिन समितिले थप ६४ जनाको नाम दोषीको सूचीमा समावेश गरेको छ।

जाहेरीमा नाम उल्लेख रहेकाहरु मध्ये अधिकांश रौतहट जिल्लाका नै रहेका छन्। केहीको ठेगाना उल्लेख नभएको र जसपा नेपालका अध्यक्ष उपेन्द्र यादव सप्तरी जिल्लाको रहेका छन्।

रौतहट जिल्लाको गौर राईस मिलमा कार्यक्रम गर्न तत्कालिन मधेशी जनअधिकार फोरमले प्रशासनबाट अनुमती लिएको थियो। तर माओवादी निकट मधेशी राष्ट्रिय मुक्ति मोर्चाले सोही दिन सोही समयमा सोही स्थानमा कार्यक्रमको आयोजना गरेको थियो।

घटनामा तत्कालीन मधेशी राष्ट्रिय मुक्ति मोर्चाका महासचिव प्रभु साह र जनसरकार प्रमुख बिन्देश्वर यादवलाई पनि दोषी देखाइएको छ।

हत्या भएका माओवादी कार्यकर्ताहरु अधिकांश रौतहट जिल्ला बाहिरका हुन्। सरकारले मृतकका परिवारलाई जनही १० लाखको दरले क्षतिपूर्ति उपलब्ध गराएको थियो।

प्रहरीका केन्द्रीय प्रवक्तासमेत रहेका डीआईजी विनोद घिमिरेले सर्वोच्चको परमादेश हेरेपछि कसरी अघि बढ्ने भनेर महान्यायाधिवक्तासँग राय/परामर्श लिइने बताएका छन्। 'सम्मानित सर्वोच्चबाट जारी परमादेश हेरेपछि महान्यायाधिवक्तासँग राय/परामर्श लिएर अघि बढ्छौं' उनले भने, आदेशको पत्र प्राप्त भएपछि थप विषय अगाडि बढ्ने छ।

## सर्वोच्चको परमादेशविरुद्ध प्रदर्शन

**टुडे समाचारदाता**

जनकपुरधाम। गौर हत्याकाण्डको छानबिन गर्न सर्वोच्च अदालतले सोमबार गरेको परमादेश विरुद्ध जनकपुरधाममा विरोध प्रदर्शन गरेको छ।

भूमि सम्बन्धि विधेयकमा जनता समाजवादी पार्टी नेपालले लिएको अडानका कारण जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवलाई तर्साउन खोजेको भन्दै जसपा नेपालका नेता तथा कार्यकर्ताहरुले जनकपुरधाममा सोमबार विरोध प्रदर्शन गरेका छन्।

समाजवादी युवा संघ नेपालको नेतृत्वमा जनकपुधाम नगरमा मशाल जुलुस प्रदर्शन गरिएको छ। रामानन्दचोकमा जसपा नेपालका नेता कार्यकर्ताहरुले केही बेर बाटो अवरुद्ध गरि विरोध प्रदर्शन गरेका छन्।



विरोध प्रदर्शनको क्रममा नेताहरुले भूमि विधेयकको बार्गेनिङ्गका लागि सर्वोच्चको परमादेश आएको आरोप लगाउदै सरकारी जालझेलबाट जसपा नेपाल र अध्यक्ष उपेन्द्र यादव नडराउने चेतावनी दिए। २०६३ चैत ७ गते रौतहटको गौरस्थित राइस मिलको चौर मधेशी जनअधिकार फोरम र नेकपा माओवादी बीच भएको झडपमा परी माओवादीका २७ जना कार्यकर्ता मारिएको थियो भने सयभन्दा बढी घाइते भएका थिए।







## शिलान्यास प्रधानमन्त्रीको भारत भ्रमणका क्रममा हुन्छ: मन्त्री भण्डारी

भीमदत्तनगर। उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले कञ्चनपुरको दोधरा चाँदनी सुक्खा बन्दरगाहको शिलान्यास प्रधानमन्त्री केपी शर्मा ओलीको आसन्न भारत भ्रमणका क्रममा गर्ने तयारी भइरहेको बताउनुभएको छ।

सुक्खा बन्दरगाह निर्माणस्थलको निरीक्षण गर्दै मन्त्री भण्डारीले भन्नुभयो, "दोधारा चाँदनी सुक्खा बन्दरगाह लामो प्रतीक्षापछि सुरु गर्ने पत्रियामा हामी अगाडि बढेका छौँ, रु तीन अर्ब ८० करोडको लागतमा बन्ने गरी ठेक्का सम्झौता भइसकेको छ, प्रधानमन्त्रीको आउँदो भारत भ्रमणका क्रममा दुई देशका प्रधानमन्त्रीका तर्फबाट शिलान्यास गर्नेगरी कार्यक्रम तय भएको छ।"

नेपालले भारतका अन्य व्यापारिक बन्दरगाह प्रयोग गर्नका लागि पनि भारतीय पक्षसँग सकारात्मक रुपमा छलफल अगाडि बढेको मन्त्री भण्डारीले बताउनुभयो। "पश्चिम नेपालको सीमासँग नजिक रहेको भारतको मुन्द्रा बन्दरगाह हाम्रो प्राथमिकतामा छ। उहाँले भन्नुभयो, "तेस्रो मुलुकसँग सबैभन्दा छोटो व्यापारिक निकटता हुनेछ, यसबाट अन्तरदेशीय व्यापारमा सहज हुनेछ।"

दोधारा चाँदनीमा भारत सरकारको आर्थिक तथा प्राविधिक सहयोगमा सुक्खा बन्दरगाह निर्माण काम अघि बढेको हो। यसले सुदूरपश्चिमकै आर्थिक समृद्धिमा महत्वपूर्ण भूमिका खेल्ने अपेक्षा गरिएको छ।रासस

# विपिनको रिहाइका लागि अधिकतम कूटनीतिक पहल गरिरहेका छौँ: परराष्ट्रमन्त्री डा राणा



काठमाण्डु। परराष्ट्रमन्त्री डा आरजु राणा देउवाले हमास समूहको नियन्त्रणमा रहेका विपिन जोशीको रिहाइका लागि सरकारले अधिकतम कूटनीतिक पहल जारी राखेको बताउनुभएको छ।

सामाजिक सञ्जालमार्फत सोमबार उहाँले परराष्ट्रमन्त्रीमा नियुक्त भएपछि आफूले सरकारका तर्फबाट यो मुद्दालाई प्राथमिकतामा राखेर काम सुरु गरेको बताउनुभएको छ। " यो एक वर्ष म उपस्थित भएका राष्ट्रसङ्घीय महासभादेखि अन्तरराष्ट्रिय मञ्च, विभिन्न द्विपक्षीय तथा बहुपक्षीय बैठक तथा भेटवार्तामा सबैसँग विपिनको रिहाइका लागि विशेष आग्रह गरेकी छु। निरन्तर यो प्रयास भइरहेको छ", मन्त्री डा राणाले उल्लेख गर्नुभएको छ।

यसैगरी गत असोजमा दोहामा आयोजित 'एसियन कोअपरेसन डाइलग' (एसिडी) सम्मेलनमा सम्बोधन र त्यसपछिका साइडलाइन भेटहरूमा पनि उहाँले सो विषय उठाउनुभएको थियो। इजरायल र हमासबीच युद्धविरामको तयारी भएपछि त्यसमा संलग्न र सम्बद्ध देशका विदेशमन्त्रीहरूसँग फोनमा र ती देशका नेपालस्थित राजदूतसँग भेटेरै डा राणाले विपिनको रिहाइका लागि सहयोग गर्न आग्रह गर्नुभएको थियो।

विपिनको रिहाइका लागि नेपाल सरकारले कूटनीतिक प्रयासलाई निरन्तर रूपमा जारी राखेको बताउँदै मन्त्री डा राणाले इजरायल सरकार र हमासबीच युद्धविरामको गृहकार्य सुरु भएपछि तथा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले हमासलाई बन्दीहरू रिहा गर्न दबाब दिएपछि आफ्नो कूटनीतिक पहललाई थप सक्रिय बनाएको स्मरण गर्नुभएको छ।

उहाँले गत माघमा कतारका विदेश राज्यमन्त्री डा मोहम्मद बिन अब्दुलाजिज अल(खुलाइफीसँग फोनवार्ता गरी पहिलो चरणमै बिपिनको रिहाइका लागि आग्रह गर्नुभएको थियो। खुलाइफी शान्तिवार्ताका प्रमुख वार्ताकार एवं मध्यस्थकर्ता हुनुहुन्छ। यस्तै, इजरायलका विदेशमन्त्री गिडियन सारसँग पनि फोनवार्ता गरी मन्त्री डा राणाले सोही आग्रह गर्नुभएको थियो। त्यस क्रममा उहाँले हमासले अपहरण मुक्त गर्न लागेका भनिएका व्यक्तिहरूको पहिलो चरणमा नै विपिनको रिहाइका लागि इजरायल सरकारले पहल गरिदियोस् भन्ने आग्रह गर्नुभएको थियो।

यसैगरी, इजिप्टका विदेशमन्त्री डा बदर अब्देल-अति तथा इरानी विदेशमन्त्रीसँग फोनवार्ता गरी विपिनको रिहाइका लागि विशेष पहल गरिदिन नेपाल सरकारका तर्फबाट मन्त्री डा राणाले आग्रह गर्नुभएको थियो। आफ्नो शल्यक्रियाका लागि बैंककमा रहँदा मन्त्री डा राणाले त्यहीबाट इजिप्टका विदेशमन्त्रीसँग पनि फोनवार्ता गर्नुभएको थियो।

उहाँले मध्यपूर्वको शान्तिका लागि पहल गरिरहेका टर्कीका राष्ट्रपति रेसेप तैयप एर्दोगान र इजिप्टका राष्ट्रपति अब्देल फत्ताह सइद हुसैन खालिलसँग पनि गत फागुनमा प्रधानमन्त्री केपी शर्मा ओलीले फोनमार्फत ध्यानाकर्षण गराउनुभएको जानकारी दिनुभएको छ। मन्त्री डा राणाले नेपाल सरकारले यो मुद्दालाई प्राथमिकतामा राखेर हरसम्भव प्रयासमा जुटिरहेको बताउँदै विपिनको रिहाइमा लागिपरेको इजरायल सरकार, इजरायली नागरिक, त्यहाँ रहेका नेपाली एवं विश्व समुदायलाई विशेष धन्यवाद ज्ञापन गर्नुभएको छ।

हमास समूहको नियन्त्रणमा रहेका विपिन जोशीको शीघ्र रिहाइको पहलमा परराष्ट्र मन्त्रालयले कुनै कसर बाँकी नराखी काम गरिरहेको र यो नेपाल सरकारको दायित्व भएकमो उहाँको भनाइ छ।

हाल परराष्ट्र मन्त्रालयको परामर्शमा र इजरायल सरकारको सहयोगमा विपिनकी आमा र बहिनी इजरायल पुगेका भन्दै मन्त्री राणाले इजरायली राष्ट्रपतिसँग भेटगरी विपिनको रिहाइको अपिल गरेको जानकारी पनि गराउनुभएको छ।रासस

# सशस्त्र प्रहरी नायव उपरीक्षक सुब्बा सम्मानित



वीरगञ्ज। सशस्त्र प्रहरी बलका प्रहरी नायब उपरीक्षक लोकेन्द्र सुब्बा सम्मानित हुनुभएको छ। वीरगञ्ज उद्योग वाणिज्य सङ्घले सशस्त्र प्रहरी उपरीक्षक सुमन थपलियाको स्मृतिमा स्थापना गरेको 'वेष्ट इन्टिग्रिटी अवार्ड कार्यक्रम २०८२' बाट उहाँ सम्मानित हुनुभएको छ।

वीरगञ्ज उद्योग वाणिज्य सङ्घ र सशस्त्र प्रहरी बल नेपाल नम्बर १३ गण हेडक्वाटर पर्साले सोमबार आयोजना गरेको कार्यक्रमबीच सशस्त्र प्रहरी नम्बर २ छिन्नमस्ताका बाहिनीपति सशस्त्र प्रहरी नायब महानिरीक्षक कृष्ण ढकाल र सङ्घका अध्यक्ष हरि गौतमले रु २५ हजार, सम्मानपत्रसहित प्रहरी नायब उपरीक्षक सुब्बालाई सम्मान गर्नुभएको हो।

वीरगञ्ज उद्योग वाणिज्य सङ्घका अध्यक्ष गौतमले थपलियाको योगदान र कर्मलाई चिरस्थायी बनाउन अवार्ड कार्यक्रममार्फत सुब्बालाई सम्मान गरिएको बताउनुभयो। निजी क्षेत्र र सरकारी निकायबीच एकापसमा सहकार्य तथा समन्वय गरेर अघि बढ्नुपर्ने उहाँले बताउनुभयो। प्रहरी नायब महानिरीक्षक ढकालले सशस्त्र प्रहरी बलले सीमानाकाको सुरक्षाका साथसाथै विपद् व्यवस्थापनमा पनि प्रभावकारी भूमिका खेल्दै आएको बताउनुभयो।

कार्यक्रममा सशस्त्र प्रहरी बल नेपाल नम्बर १३ गण हेडक्वाटर पर्साका प्रमुख एवम् गणपति सशस्त्र प्रहरी उपरीक्षक पुरनचन्द्र भट्ट समेत उपस्थित हुनुहुन्थ्यो।

विसं २०८० भदौ २ गते सशस्त्र प्रहरी बल नेपाल नम्बर १३ गण हेडक्वाटर पर्सामा कार्यरत रहँदा प्रहरी उपरीक्षक थपलियाको निधन भएको थियो। रासस

# फरार अभियुक्त पक्राउ गर्न गृह मन्त्रालयले सक्रियता बढायो

काठमाण्डु। फरार अभियुक्त पक्राउ गर्न गृह मन्त्रालयले सक्रियता बढाउँदै लगेको छ। गृहमन्त्री रमेश लेखकले गृह मन्त्रालयको नेतृत्व सम्हालेपछि नीतिगत र कानुनी सुधारलाई प्राथमिकता दिँदै फैसला कार्यान्वयनलाई तीव्रता दिनुभएको छ।

मुलुकभरका अदालत र अर्धन्यायिक निकायबाट कैद तथा जरिवाना सजाय पाएर फरार रहेका अभियुक्तहरुलाई पक्राउ गर्न मन्त्री लेखकले प्रहरीलाई निर्देशन दिँदैआउनुभएको छ। सोही निर्देशनका कारण उहाँको कार्यकालको पहिलो वर्ष (आर्थिक वर्ष २०८१/८२) मा हालसम्मकै बढी फरार अभियुक्त पक्राउ परेका छन्। गत आवमा गृह प्रशासनको सक्रियताका कारण २४ हजार ३८२ फरार अभियुक्त पक्राउ पक्राउ परेका छन्। अघिल्लो आर्थिक वर्ष २०८०/८१ मा देशभरबाट कुल १४ हजार ७६४ फरार अभियुक्त प्रहरीले पक्राउ गरेको थियो। आव २०८०/८१ को तुलनामा आव २०८१/८२ मा फरार अभियुक्त पक्राउ परेको ६५.०८ प्रतिशतले बढी हो।




त्यसैगरी, प्रहरीले आर्थिक वर्ष २०७९/८० मा ११ हजार ९०२ फरार अभियुक्त पक्राउ गरेको नेपाल प्रहरीका प्रवक्ता प्रहरी नायब महानिरीक्षक विनोद घिमिरेले जानकारी दिनुभयो। गत आर्थिक वर्षमा अपराध अनुसन्धान र फैसला कार्यान्वयनमा गृहमन्त्रालय तथा मातहतका निकाय सक्रिय रहँदा परिणाम राम्रो आएको उहाँले बताउनुभयो।

गृहमन्त्री लेखकको कार्यकालको पहिलो वर्ष (गत आर्थिक वर्ष २०८१/८२) मा काठमाडौँ उपत्यका प्रहरी कार्यालय रानीपोखरीले सबैभन्दा बढी ६ हजार ३७५ फरार अभियुक्त पक्राउ गरेको तथ्याङ्क छ। त्यसैगरी, कोशी प्रदेश प्रहरीले तीन हजार ४८९, मधेस प्रदेश प्रहरीले पाँच हजार ७१२, बाग्मती प्रदेश प्रहरीले एक हजार ७०३, गण्डकी प्रदेश प्रहरीले एक हजार ४९१, लुम्बिनी प्रदेश प्रहरीले तीन हजार ९९६, कर्णाली प्रदेश प्रहरीले ५५६, सुदूरपश्चिम प्रदेश प्रहरीले ९२८ र केन्द्रीय अनुसन्धान ब्यूरोले १३२ फरार अभियुक्त पक्राउ गरेको प्रहरी नायब महानिरीक्षक घिमिरेले जानकारी दिनुभयो।

गत आर्थिक वर्षमा रु एक अर्ब, ५० करोडभन्दा बढी जरिवाना रकम समेत असुल उपर गरिएको छ। त्यसैगरी, जिल्लास्तरको फैसला कार्यान्वयनको विवरण अनुसार काठमाडौँप्रहरीपरिसर अग्रस्थानमा छ। जनघनत्व बढी भएको राजधानी काठमाडौँमा हरेक दिनजसो ठूला र साना 'अप्रेसन' जारी रहेको काठमाडौँ प्रहरी परिसरका प्रमुख प्रहरी वरिष्ठ उपरीक्षक विश्व अधिकारीले जानकारी दिनुभयो। काठमाडौँबाट मात्रै पाँच हजार ५८५ फरार अभियुक्तलाई पक्राउ गरी कानुनी दायरामा ल्याइएको उहाँले बताउनुभयो। जनशक्ति अभाव र सीमित स्रोतसाधनको अधिकतम प्रयोग गरी प्रहरीले फैसला कार्यान्वयनमा महत्वपूर्ण उपलब्धि हासिल गरेको छ। काठमाडौँ प्रहरी परिसरले गत आर्थिक वर्षमा देशभरमै सबैभन्दा बढी फरार अभियुक्त पक्राउ गर्न सफल भएको छ। एक वर्षको अवधिमा परिसरले काठमाडौँबाट पाँच हजार ५८५ फरार अभियुक्तलाई पक्राउ गरी कानुनी दायरामा ल्याउन सफल भएको प्रहरी वरिष्ठ उपरीक्षक अधिकारीले जानकारी दिनुभयो।

काठमाडौँ परिसरले आर्थिक वर्ष २०८०/८१ मा एक हजार ६७ फरार अभियुक्त पक्राउ गरेको थियो। गत आवमा उक्त सङ्ख्या पाँच हजार ५८५ पुगेको छ। फैसला कार्यान्वयनलाई परिसरले विशेष रणनीति बनाएर लागू गरिरहेको उहाँले जानकारी दिनुभयो। नेपाल प्रहरी सङ्गठनको वार्षिक कार्य सम्पादन सम्झौताअनुसार दण्डहीनताको अन्त्यका लागि फैसला कार्यन्वयनलाई उच्च प्राथमिकतामा राखिएको छ।

त्यस्तै, गृहमन्त्री लेखकको कार्यकालको पहिलो वर्ष सहकार ीसम्बन्धी ८२ मुद्दा दर्ता भएका छन्। मुलुकभरबाट सहकारी मुद्दाका पुरुष र महिला गरी ४५ अभियुक्त पक्राउ परेको प्रहरीको तथ्याङ्क छ।रासस

# जलवायु सङ्कट समाधानमा क्षेत्रीय सहकार्य अपरिहार्य छः मन्त्री शाही

काठमाण्डु। वन तथा वातावरणमन्त्री ऐनबहादुर शाही ठकुरीले जलवायु सङ्कट, जैविक विविधताको ह्रास र वायु प्रदूषणजस्ता चुनौती सामना गर्न क्षेत्रीय सहकार्य अपरिहार्य रहेको बताउनुभएको छ।

हिन्दूकुश-हिमालय सांसदहरूको सोमबारदेखि यहाँ सुरु भएको बैठकको उद्घाटन समारोहमा मन्त्री शाहीले उक्त बैठक साझा पर्वतीय क्षेत्र र त्यससँग जोडिएका दुई अर्ब जनताको भविष्यबारे छलफल, सङ्कल्प र साझेदारी प्रकट गर्ने अवसर भएको उल्लेख गर्नुभयो।

मन्त्री शाहीले भन्नुभयो, "संसदीय परम्परामा नीति निर्माण गर्ने सार्वभौम थलो संसद्का सदस्य तथा विज्ञहरूको सहभागिताले सफल नीतिहरू निर्माण र कार्यान्वयनमा सहयोग पुर्‍याउनेछ।" मुगुबाट निर्वाचित जनप्रतिनिधि र वन मन्त्रालयको जिम्मेवारी सम्हालेको अनुभव सुनाउँदै उहाँले हिमाली भूगोलमा खोला सुक्नु, जडीबुटी लोप हुनु, चरन सङ्कटमा पर्नु र रारा तालजस्ता प्राकृतिक सम्पदामाथि जलवायु परिवर्तनको असर परेको उदाहरण दिनुभयो।

हालै रसुवामा गएको बाढी-पहिरोले ठूलो जनधनको क्षति हुनु तथा तराई मधेसमा लामो समयसम्म वर्षा नहुँदा खानेपानी र रोपाइँ प्रभावित भएको उदाहरण प्रस्तुत गर्दै मन्त्री शाहीले जलवायु सङ्कट नेपालका लागि दैनिक यथार्थ बनेको बताउनुभयो।

उहाँले भन्नुभयो, "नेपालले कार्बन उत्सर्जन नगण्य गरे पनि हामी जलवायु अन्यायको सिकार भएका छौँ।" नेपालले वन क्षेत्र ४६ प्रतिशतमा पुर्‍याएको, सामुदायिक वन व्यवस्थापनमा विश्वकै उदाहरण प्रस्तुत गरेको तथा जलवायु अनुकूलन र न्यूनीकरणका लागि विद्युतीय सवारीको प्रवर्द्धन, नवीकरणीय ऊर्जा उत्पादन, पूर्वसूचना प्रणाली र युरो-६ मापदण्ड लागू गर्ने पहल गरेको उहाँले जानकारी दिनुभयो।




तेस्रो राष्ट्रिय योगदानमार्फत आगामी दशकका जलवायु न्यूनीकरण, अनुकूलन र क्षति-नोक्सानी व्यवस्थापनका लक्ष्य तय गरिएको उल्लेख गर्दै मन्त्री शाहीले पेरिस सम्झौताको १.५ डिग्री सेल्सियस लक्ष्य कायम राख्न, जलवायु वित्तमा समान पहुँच सुनिश्चित गर्न र क्षति-नोक्सानी सम्बोधनमा ठोस कदम चाल्न अन्तरराष्ट्रिय तथा क्षेत्रीय सहकार्य आवश्यक भएको औँल्याउनुभयो।

सांसदहरूको भूमिकाबारे उहाँले भन्नुभयो, "संसद्मार्फत जलवायु-मैत्री नीति निर्माण, कानुनी संरचना सुदृढीकरण र सरकारका कार्यक्रमको अनुगमनमा सदस्यहरूको भूमिका अत्यन्त महत्वपूर्ण छ।"

कार्यक्रमको आयोजना गर्न पहल लिएको सङ्घीय संसद्अन्तर्गत कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिप्रति आभार व्यक्त गर्दै मन्त्री शाहीले सम्मेलनबाट प्राप्त निष्कर्षलाई वातावरण मन्त्रालयले प्रभावकारी रूपमा कार्यान्वयन गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो।

हिन्दूकुश हिमालय सांसदहरूको सम्मेलन सोमबारदेखि काठमाडौँमा सुरु भएको हो। सम्मेलनमा हिन्दूकुश-हिमालय क्षेत्रका विभिन्न मुलुकका सांसदहरू, सरकारका उच्चपदस्थ प्रतिनिधिहरू, जलवायु क्षेत्र विज्ञलगायत सहभागी हुनुहुन्छ।रासस


## ज्योतिष-मार्गदर्शन

प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

| | |
|---|---|
| मेष : | व्यापार र व्यवसायका क्षेत्रमा उन्नति प्रगतिको वातावरण बन्नेछ। |
| वृष : | नयाँ ठाउँमा आर्थिक लगानी गर्नु उपलब्धीमुलक हुने छैन। |
| मिथुन : | मातापिता र अभिभावक वर्गसंग सामीप्यता राख्न सके राम्रो हुनेछ। |
| कर्कट : | मित्रताको बन्धन कसिनुका साथै दाम्पत्य सुखमा रमाउने समय छ। |
| सिंह : | संकटको सामना गर्दै उपलब्धी हासिल गर्नुपर्नेछ। |
| कन्या : | नयाँ सवारी साधन प्राप्तिको योग पनि छ। आम्दानी प्रशस्तै बढ्नेछ। |
| तुला : | पराक्रम र उत्साहमा कमी आउने छ। |
| वृश्चिक : | श्रमको उचित मूल्याङ्कन हुनेछ। पढाईमा प्रगति हुनेछ। |
| धनु : | तर्क, विवाद र प्रतिस्पर्धामा पकड भएको राम्रो दिन छ। |
| मकर : | स्वास्थ्यमा समस्या आउन सक्छ। |
| कुम्भ: | मानसिक तनावबाट मुक्त हुन कठिन छ। |
| मीन : | कानूनी वा प्रतियोगितात्मक क्रियाकलाप मा विजय प्राप्त हुनेछ। |

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

### रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

### जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझा | : ०७:३० बजे |

### राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



संयुक्त अरब ईमिरेट (युएई) को वर दुबईमा रहेको संसरकै सबैभन्दा अग्लो टावर **बुर्ज खलिफाको** १२४ तल्लाबाट तल देखिएको दृश्य। वरिपरि विभिन्न ठूल्ठुला भवन तथा टावरहरू। खलिफा सन् २००४ मा निर्माण सुरू गरी सन् २०१० मा निर्मण सम्पन्न गरेको टावर ८२८ मिटर अग्लो रहेको छ भने १६३ तल्ला रहेको छ। *तस्बिरः रासस*

# सिरहामा यसवर्षको रोपाइँ सकिन लाग्यो



सिरहा ।लामो समयको खडेरीपछि साउनको अन्त्यसम्म आइपुग्दा जिल्लामा रोपाइँ सकिन लागेको छ। कृषि ज्ञानकेन्द्र सिराहाका अनुसार हालसम्म जिल्लामा ८८ प्रतिशत रोपाइँ सम्पन्न भइसकेको छ, भने आगामी केही दिनभित्र बाँकी रोपाइँ पनि सम्पन्न हुने जनाइएको छ।

प्रमुख नरेन्द्रकुमार महासेठका अनुसार साउन दोस्रो सातासम्म करिब ४५ प्रतिशत मात्र रोपाइँ भएको थियो । उहाँले भन्नुभयो,"तर साउन तेस्रो साताबाट सुरु भएको निरन्तर वर्षाले रोपाइँको गति बढायो र मसान्तसम्म आइपुग्दा ८८ प्रतिशत रोपाइँ सम्पन्न भएको हो ।" उहाँका अनुसार खडेरीको समयमा अधिकांश किसानले रोपाइँ गर्न सकेका थिएनन्। तर साउनको अन्त्यतिरको अनुकूल मौसम र किसानको सक्रियता रोपाइँलाई तीव्र बनाउन मुख्य कारण बन्यो । "साउन १५ गतेअघि रोपिएको धानको उत्पादन राम्रो हुने सम्भावना छ, तर त्यसपछि रोपिएको धानमा उत्पादनमा केही ह्रास आउने देखिन्छ," महासेठले भन्नुभयो।

उहाँले भदौको पहिलो सातासम्म थप दुई प्रतिशत रोपाइँ पनि सम्पन्न हुने विश्वास व्यक्त गर्नुभयो। "यो वर्ष जिल्लामा ९० प्रतिशत हाराहारीमा रोपाइँ पुग्ने अनुमान छ," तर जिल्लाको उत्तरी भेगमा भने केही क्षेत्रमा अत्यधिक खडेरीका कारण धान रोपोमै सुकेको देखिएको छ। यद्यपि दक्षिणी क्षेत्रमा यस्तो अवस्था नरहेको उहाँले स्पष्ट पार्नुभयो।

कृषि ज्ञान केन्द्रले जिल्लाका १७ स्थानीय तहसँग समन्वय गरेर रोपाइँको प्रगतिसम्बन्धी तथ्याङ्क सङ्कलन गरेको हो । सबै स्थानीय तहका कृषि शाखाको सहकार्य गरी आफूहरुले तथ्याङ्क तयार पार्ने गरेको उहाँको भनाइ छ।

जिल्लाको धानखेतीमा कमला नहरले पनि महत्वपूर्ण भूमिका खेलेको छ। खडेरीका समयमा भूमिगत पानीको स्रोत तथा कमला नहरमार्फत सिँचाइ भएको जमिनमा प्रारम्भिक रोपाइँ गर्न सम्भव भएको थियो। केन्द्रका अनुसार कमला नहरबाट करिब १२ हजार पाँच सय हेक्टर क्षेत्रफलमा सिँचाइ सुविधा पुगेको छ।

विशेषगरी कर्जन्हा, मिर्चैया, कल्याणपुर, सिरहा र सुखीपुर नगरपालिकाका साथै विष्णुपुर र औरही गाउँपालिकाका किसान यसबाट प्रत्यक्ष लाभ लिएका छन्। सिरहामा कूल धान खेतीयोग्य ५४ हजार क्षेत्रफल जग्गा रहेको ज्ञानकेन्द्रले जनाएको छ।

जिल्लामा धानबाली प्रमुख बाली हो । हरेक वर्ष करिब उस्तै परिमाणमा बर्खे धानखेती गरिँदै आएको छ। यस वर्षको प्रारम्भिक स्थितिमा देखिएको ढिलाइको बाबजुद साउन अन्त्यसम्म आइपुग्दा रोपाइँको गति उल्लेख्य बनेको छ। अब बाँकी रोपाइँ सम्पन्न भएसँगै आगामी हप्ता जिल्लामा रोपाइँ अन्तिम चरणमा पुग्ने अपेक्षा गरिएको छ।रासस

# सामुदायिक वनमा झाडी फाँडेर वृक्षरोपण सुरू

सिरहा। यहाँको लहान नगरपालिका-१५ स्थित चुरे क्षेत्रमा पर्ने झोवाई खोल्सी सामुदायिक वनमा स्थानीय समुदायको सक्रिय सहभागितामा झाडी फाँडेर व्यवस्थित वृक्षरोपण अभियान सुरू गरिएको छ।

वातावरणीय संरक्षण, जैविक विविधता विस्तार र वन उपजको उत्पादन वृद्धि गर्ने उद्देश्यले थालिएको यस अभियानले चुरे क्षेत्रको हरियाली पुनःस्थापना गर्न सहयोग गर्ने अपेक्षा गरिएको छ।

सामुदायिक वन उपभोक्ता समितिका अध्यक्ष लगनलाल चौधरीका अनुसार वनभित्रका खाली जग्गाहरूमा पहिले रोपिएका बिरुवाहरूको गोडमेल गर्ने र नयाँ बिरुवाहरू रोप्ने काम धमाधम भइरहेको छ। उहाँका अनुसार, डिभिजन वन कार्यालय सिरहा, लहानको प्राविधिक सहयोगमा स्थानीय उपभोक्ताहरूले वृक्षरोपण र संरक्षण कार्यमा सक्रिय भूमिका निर्वाह गरिरहेका हुन्।

"वनको ४.५ प्रतिशत क्षेत्रमा पहिले गरिएको वृक्षरोपणको रेखदेख, संरक्षण र थप बिरुवा रोप्ने काम उपभोक्ता समितिको व्यवस्थापनमा भइरहेको छ," चौधरीले भन्नुभयो। उहाँका अनुसार, वनमा मुख्यगरी टिक, जामुन, खयर, पाँचपाते, अमला, मसला लगाएका बिरुवा रोपिएका छन्।

कुल २७७ हेक्टर क्षेत्रफलमा फैलिएको यस सामुदायिक वन क्षेत्रभित्र रहेका खाली जग्गाहरूमा हजारौँ बिरुवा लगाइएको चौधरीको भनाइ छ। त्यसमा, सडक विस्तारका क्रममा नष्ट भएका बिरुवाको क्षतिपूर्तिस्वरूप पनि सामुदायिक वनमा वृक्षरोपण गरिएको छ।

यसैबीच, चाइना रेलवे कम्पनीले कञ्चनपुर-कमला सडक विस्तारका क्रममा मासिएका बोटबिरुवाबापत क्षतिपूर्तिस्वरूप करिब ३८ हजार बिरुवा सामुदायिक वनमा रोपिएको छ। यस सम्बन्धमा सडक विस्तार आयोजना पश्चिम खण्ड (सिरहा)का सूचना अधिकारी सरोज कोइरालाले भन्नुभयो, "सडक विस्तारका क्रममा एउटा बोट नष्ट हुँदा त्यसको सट्टामा २५ वटा बिरुवा रोप्नुपर्ने प्रावधानअनुसार यस्तो गरिएको हो। त्यसमा हाम्रो आर्थिक व्ययभार मात्र रहेको छभने बिरुवा कहाँ र कस्तो रोप्ने भन्ने जिम्मेवारी डिभिजन वन कार्यालयको हो।"

डिभिजन वन कार्यालयका सूचना अधिकारी राधेश्याम चौधरीका अनुसार, स्थानीय तह, सामुदायिक वन उपभोक्ता समिति र नागरिक समाजको सहकार्यमा चुरेको वातावरणीय संरक्षणमा ठूलो टेवा पुऱ्याउने उद्देश्यले यहाँका नाङ्गा डाँडामा हरियाली अभियान थालिएको जानकारी दिनुभयो। त्यसका लागि आव २०८१/८२ मा डिभिजन वन कार्यालयका तर्फबाट मात्रै करिब दश लाख बिरुवा रोपिएको छ, जुन चुरे संरक्षणतर्फको एक ऐतिहासिक प्रयासका रूपमा लिइएको छ।

उहाँले चुरे क्षेत्रका नाङ्गा डाँडामा वृक्षरोपण कार्य दिगो रूपमा अघि बढाउनुपर्नेमा जोड दिँदै अगाडि भन्नुभयो, "माटोको कटान, भू-क्षय, पानीको अभाव जस्ता समस्याहरूको समाधानमा वृक्षरोपणले ठूलो सहयोग गर्नेछ। त्यसैले ती बिरुवाहरूलाई जोगाएर हुर्काउने र वन क्षेत्रलाई स्थायी रूपमा हरियाली बनाउने कार्यमा स्थानीय सामुदायिक वन समितिसँग समन्वय गर्दै अघि बढ्नेछौँ।"रासस



# डुङ्गासँगै बगिरहेको जीवन



सिरहा।

*"माझी दाईले जुनीभरी डुङ्गा तारिरहे,*
*अरुलाई तार्दातार्दै आफूचाहिँ वारि रहे।*
*कतै पारि जाने रहर उनको पनि थियो,*
*त्यहि पानीले लग्यो सलल..."*

गायक उदित नारायण झाको सुमधुर स्वरमा गुञ्जिने यस पुरानो नेपाली गीतले आज पनि कमला नदीमा डुङ्गा चलाउने माझीहरूको जिन्दगीलाई सजीव बनाउँछ । क्षेत्रप्रताप अधिकारीको शब्द र आलोक श्रीको सङ्गीतमा सजिएको यो गीत जति कर्णप्रिय छ, उति नै कटु यथार्थ समेटिएको छ माझीहरूको। अरूलाई पार लगाउँदै गर्दा, आफ्नो जिन्दगी नदी किनारामै अड्किने कमलाका माझीहरूको पीडा-जुन सदियौँदेखि बगिरहेकै छ, कमलाको पानीझैँ।

जब-जब कमला नदीले आकार बढाउँदै जान्छ, नदी किनारका बस्तीमा त्रास थपिँदै जान्छ । वर्षायाममा नदीको रौद्र रूपको आशंकाले मानिसहरू चैनले बस्न सकेका छैनन् । नदीको वारिपारि घरजग्गा हुनेले खेतबारी छाड्न थालेका छन् । ठाउँ सरेका छन्, सुरक्षित स्थान रोजेका छन्। तर, यिनै किनारमा एक जना माझी 'बा' अझै पनि आफ्नो डुङ्गासँग बाँधिएर बस्नुभएको छ, ७२ वर्षीय रामसेवक सहनी।

उमेरले बुढ्यौलीले थिचे पनि बाध्यताले उहाँलाई अझै बिहान सबेरै डुङ्गा चलाउन नदीमा पुऱ्याउँछ । जसरी डुङ्गा नदीको धारसँगै बगिरहन्छ, सहनीको जीवन पनि समयको वहाबमा रोकिएर होइन, बगेर बाँचिरहेको छ । कमला नगरपालिका–५ का सहनीको यो पेशा रहरको होइन, बाध्यता बन्न पुगेको छ। सहनी जस्तै कमला नदीको किनारमा जीवन बिताइरहेका माझीहरूको दिनचर्या नदीको बगाइसँगै चल्छ। जसको जीवन, समय, आशा र प्रतीक्षा सबै कमलाकै बहावसँग बाँधिएको छ। बिहान झिसमिसे नहुँदै घाटछेउ पुग्ने र घाम डुबेपछि मात्रै घर फर्कने उनीहरुको जीवनचक्र वर्षौँदेखि उस्तै छ, कहिल्यै नथाक्ने नदी जस्तै।

वर्षा लागेपछि नदीको आकार बढ्छ, जोखिम बढ्छ, यात्रु घट्छन्, तर सहनी 'बा' चाहिँ त्यसै जोखिमलाई आफ्नो दैनिकी बनाएर बाँचेका छन् । "के गर्नु, वर्षाका दुई/चार महिना त हो डुङ्गा चलाउन पाउने", उहाँको स्वरमा थकाइ छैन, बरु जीवनले सिकाएको सहनशीलता छ। केही बेरको मौनतापछि विस्तारै उहाँ अगाडि थप्नुहुन्छ, "सानैदेखि गर्दै आएको काम हो यो। यही घाटमा डुङ्गा खियाउँदै जिन्दगी बित्यो।" हरेक वर्ष, हरेक वर्खा, उहाँको जिन्दगी नदीसँगै बगिरहेको छ, जहाँ न त पुरानो जीवन बाँकी छ, न नयाँ विकल्प खुलेको छ। बाँकी छ त केबल घाट, डुङ्गा र जीवनको अन्तहीन यात्रा।

कमलाको अधुरो पक्की पुल कहिले आउला, कसैलाई थाहा छैन । बाटोहरू सुनसान बन्दैछन्, हुलाकी सडक हुँदै हिँड्ने गाडीहरू घट्दैछन् । तर नदी किनारमा खियाउने डुङ्गाहरू चलाउन थाल्ने माझीहरूको संख्या बढ्दै छ । किनकी विकल्प छैन र जस्तो डुङ्गा नदीमा बग्छ, माझीहरुको जीवन पनि त्यसैगरी बगिरहेको छ, अस्थिर, जोखिमपूर्ण, तर अनवरत।

सिरहा-५ का ५२ वर्षीय छेदी मुखियाको दैनिकी पनि बिहानदेखि बेलुकासम्म डुङ्गा चलाउँदै बित्छ। कहिले घाम, कहिले पानी, कहिले नदीको उर्लंदो बहाव सामना गर्नु उहाँको दैनिकी बनेको छ । आँखाले देखुञ्जेल डुङ्गा खियाउन उहाँ व्यस्त हुनुहुन्छ । बाउबाजेदेखि चल्दै आएको डुङ्गा चलाउने पेसालाई अझै निरन्तरता दिइरहनुभएको छ। उहाँ भन्नुहुन्छ, "तीन दशकदेखि यही घाटमा डुङ्गा चलाइरहेको छु। यो त हाम्रो पुर्खाले छोडेको पेसा हो । व्यवसायभन्दा पनि सामाजिक सेवा जस्तो लाग्छ । जुनीभर यही डुङ्गा चलाउँदै बित्यो।"

वर्षायामका करिब चार महिना डुङ्गा चलाएर प्रतिमहिना १५ देखि २० हजार आम्दानी हुने माझीहरु बताउँछन्। त्यसका लागि उनीहरुले डुङ्गाबाट नदी पार गर्दा यात्रुहरूले मोटरसाइकलको रु सय र व्यक्तिको रु ५० शुल्क उठाउँदै आएका छन्। त्यही आम्दानीले घर खर्चको साथै डुङ्गा मर्मत गर्नमा खर्च गर्नुपर्ने माझीहरु बताउछन् । अनुभवी माझी मुखियाका अनुसार पछिल्ला तीन दशकमा उहाँले पाँचवटा डुङ्गा फेरिसक्नुभएको छ । "एउटा डुङ्गा बनाउन चारदेखि पाँच लाख रुपैयाँसम्म खर्च लाग्छ", उहाँ सुनाउनुहन्छ, "पाँच वर्ष जति त काम गर्छ, त्यसपछि त काम नलाग्ने थोत्रो हुन्छ।" डुङ्गा फेरिने क्रम र जीवन चलाउने सङ्घर्ष सँगसँगै चलिरहेको छ माझीहरुको । आधुनिक प्रविधिको विकाससँगै अन्य पेसा रोज्ने अवसर भए पनि उनीहरू यो परम्परागत पेसाबाट विमुख भएका छैनन्।

"नौ-दश वर्षको थिएँ, तबदेखि यही घाटमा छु", अर्का माझी रामेश्वर सहनी भन्नुहुन्छ,"बाउबाजेले त महेन्द्र राजमार्ग बन्नुभन्दा पहिले बन्दिपुरतिर डुङ्गा चलाउनुहुन्थ्यो । पुल बनेपछि त्यहाँबाट हटेर हामी यता आएका हौँ।" उहाँको स्वरमा चिन्ता र अनिश्चितता मिसिएको छ । एकातिर पुर्खाबाट चल्दै आएको पेसा छोड्न सकिन्न भन्ने भाव, अर्कोतिर आधुनिकताले विस्तारै धकेलिरहेको वास्तविकता । कमला नदीमा अहिले स्थायी पुल छैन । बन्दै गरेको पक्की पुल निर्माण सम्पन्न नहुँदै भासिएको छ।

> "सानैदेखि गर्दै आएको काम हो यो । यही घाटमा डुङ्गा खियाउँदै जिन्दगी बित्यो ।" हरेक वर्ष, हरेक वर्खा, उहाँको जिन्दगी नदीसँगै बगिरहेको छ

पुल नहुँदा स्थानीयहरूका लागि डुङ्गा नै आवतजावतको मुख्य माध्यम बनेको छ। रामेश्वर भन्नुहुन्छ, "यहाँ पनि कहिलेसम्म चलाउन पाउने हो थाहा छैन । त्यो भासिएको पुल नउठेसम्म त होला !"

कमला नदीको साररश्वरनाथ घाटमा दैनिक चार वटा डुङ्गाले यात्रुहरूलाई वारपार गराउँदै आएका छन् । त्यस्तै, हुलाकी सडकअन्तर्गत भासिएको पुलको नजिक बसबिट्टामा दुई वटा डुङ्गा नियमित रूपमा चल्छन्। वर्षायाममा नदीको वहाब बढ्दा माझीहरूलाई ज्यानको जोखिम मोलेर यात्रु पार गराउनुपर्ने बाध्यता हुन्छ । यही कारण माझी समुदायको भूमिका स्थानीयहरूका लागि अत्यन्तै महत्वपूर्ण छ। सेवा भावनाले प्रेरित सहनी र मुखिया जस्ता माझीहरू नाफा भन्दा पनि मानवीय कर्तव्यलाई प्राथमिकता दिँदै वर्षौँदेखि यो पेसामा समर्पित छन्। यात्रुका लागि उनीहरु केबल डुङ्गा चालक मात्र होइनन्, दैनिक जीवनका सहजकर्ता हुन्। स्थानीय सोनु यादव भन्नुहुन्छ, "सरकारले वर्षौ बित्दासमेत पुल सम्पन्न गर्न सकेन। तर उहाँहरू (माझी) ले भने एक दिन पनि सेवा रोक्नुभएन । सरकारभन्दा बढी जिम्मेवारी पूरा गरिरहनुभएको छ उहाँहरूले। हामी गाउँलेहरु त उहाँहरूमै भर पर्छौं।"

हुलाकी सडकअन्तर्गत कमला नदीमाथि पक्की पुल बन्ने सपना देखाएको पनि १४ वर्ष नाघिसकेको छ। २०६८ मा सुरु गरिएको चार सय ६९ मिटर लामो पुल निर्माण कार्य तीन वर्षमा सकिने भनिएको थियो । तर त्यो सपना अझै अधुरै छ । हरेक वर्ष बर्खायाम आउँछ, नदीको बहाव बढ्छ, अनि माझीहरूको डुङ्गा जीवन र मृत्युको बीचमा यात्रुहरूलाई पार लगाउनुपर्ने वर्षौंदेखिको नियति दोहोरिरहन्छ । पुल निर्माणको जिम्मा सुरुमा पप्पु-लुम्बिनी जेभीलाई दिइएको थियो। तर पटक-पटक म्याद थपेर करिब १० वर्ष लाग्यो । निर्माण कम्पनीले ९५ प्रतिशतभन्दा बढी काम सम्पन्न भई उद्धाटनको तयारी गरिरहेकै बेला २०७८ असार र कात्तिकमा आएको बाढीले पुल भासिएपछि पुनःनिर्माणको काम तत्काललाई अनिश्चित भयो । बीचमै काम अलपत्र परेपछि पप्पु कन्स्ट्रक्सन कालोसूचीमा पऱ्यो।

पप्पु कन्स्ट्रक्सन कालोसूचीमा परेपछि बाँकी जिम्मेवारी लुम्बिनी बिल्डर्सले पाएको थियो । यसबीचमा पनि पटक-पटक म्याद थप्ने काम गरियो । अन्तिम पटकलाई भन्दै गत असार मसान्तसम्म पुल पुनःनिर्माण सम्पन्न गर्ने सर्तमा ठेक्का सम्झौता गरिए कम्पनीले जेठदेखि नै काम रोकिएको छ । हुलाकी राजमार्ग निर्देशनालय योजना कार्यालय, जनकपुरका योजना प्रमुख कृष्णकुमार महतोका अनुसार निर्माण कम्पनीले न म्याद थपको निवेदन दिएको छ, न काम नै अघि बढाएको छ । यसअघि निर्माण कम्पनी र बिमा कम्पनीबीचको विवाद उच्च अदालत पाटनसम्म पुगेको थियो । पुल निर्माणको क्रममा पुलको दुईवटा पाएर भासिएपछि निर्माण कम्पनीले बिमावापतको रकम दाबी गरेको थियो। बिमा कम्पनीबाट आठ करोड रुपैयाँको क्षतिपूर्ति दाबी गरे पनि मुद्दा अझै विचाराधीन अवस्थामा रहेकाले हाल कानुनी परामर्शसहित अगाडिको प्रक्रिया अघि बढाइएको निर्देशनालयका प्रमुख महतोको भनाइ छ।

कमला नदीमाथि निर्माणाधीन पक्की पुल अलपत्र पर्दा त्यसको असर केबल यातायातमै सीमित छैन, अब यसले स्वास्थ्य सेवामा गम्भीर प्रभाव पारेको छ। उपचारका लागि सिरहाबाट जनकपुर पठाइएका बिरामीहरू झनै जोखिममा परिरहेका छन् । प्रादेशिक अस्पताल सिरहाबाट पठाइएका बिरामीहरूलाई सामान्यत ३१ किलोमिटर टाढा रहेको जनकपुर पुग्न चोहर्वा, मिर्चैया, ढल्केवर हुँदै झण्डै ९० किलोमिटर लामो बाटो घुमेर जानुपर्ने बाध्यता रहेको छ।

पुल निर्माणका लागि स्थानीयले पछिल्लो दशकमा पटकपटक सङ्घर्ष गरेका छन् । प्रधानमन्त्रीदेखि मुख्यमन्त्री, विभागीय मन्त्री र सांसदहरूसम्मको ध्यानाकर्षण गराए । सबैबाट स्थानीयले आश्वासन त पाए, तर ती आश्वासन अझै पनि कागजमै सीमित छन् । विडम्बना, वर्षा लाग्नासाथ स्थानीयवासीहरूलाई उही जोखिमपूर्ण डुङ्गा यात्रा गर्नुपर्ने बाध्यता दोहोरिइरहेको छ । बाढीको समयमा नदीको उर्लदो बहाव र डुङ्गामा यात्रा गर्दा हुने दुर्घटनाको डरले त्रसित स्थानीयहरू सरकारका आश्वासन होइन, आफ्नै माझीहरूको भरोसामा बाँचेका छन् ।रासस


# पर्साका बालसुधार गृहका किशोरलाई आय आर्जन बढाउन तालिम

वीरगञ्ज । बालबिज्याँई गरेर पर्साको बालसुधार गृहमा रहेका किशोरहरुलाई एक हप्ताको मैनबत्ती दिने तालिम दिएर उद्यमशीलतातर्फ अघि बढाइएको छ । पहिलो चरणमा यहाँका बालसुधार गृहमा रहेका १५ जना किशोरलाई मैनबत्ती बनाउने तालिम दिएर उद्यमशीलतातर्फ बढाउने काम गरिएको हो।

बालसुधार गृहमा बस्दै आएका एक किशोरले तालिमले आफूहरुलाई थोरै भए पनि आम्दानीको बाटो खोज्न मद्दत पुगेको बताउनुभयो।''यहाँ दिनभर खाली भएर बस्नुपर्ने हुन्थ्यो,'' ती किशोरले भन्नुभयो,''एक सातामा हामीले मैनबत्ती बनाउने सीप सिक्ने मौका पायौँ। यसले कम्तीमा पनि केही गरेर खाने सीपको विकास भएको छ।''

मैनबत्ती तालिमका प्रशिक्षक विपन उपाध्यायले बालसुधार गृहमा रहेका किशोरहरुले मैनबत्ती बनाउने कार्यमा निकै कुशलतापूर्वक सीप सिकेको बताउनुभयो।'' हामीले सोचेको भन्दा धेरै राम्रो ढङ्गले बालसुधार गृहका किशोरहरुले मैनबत्ती बनाउनुभएको छ,'' उहाँले भन्नुभयो,' 'यस्ता खालका सीपले बालसुधारगृहभित्र वा बाहिर रहँदा पनि आम्दानीको स्रोत बढाउन मद्दत पुऱ्याउनेछ।'' यहाँका किशोरहरुले विभिन्न थरिका मैनबत्ती तयार पार्नुभएको छ।

पर्साका प्रमुख जिल्ला अधिकारी गणेश अर्यालले सीपमूलुक तालिमले बालसुधारगृहमा बसोबास गर्दै आइरहेका किशोरहरुलाई उद्यमशीलतातर्फ लम्किन सहयोगी भूमिका निर्वाह गर्ने बताउनुभयो।''बालसुधार गृहमा रहँदा नैराशयता भएर बस्ने होइन् । केही न केही रचनात्मक कार्य गरेर बस्न जरुरी हुन्छ,'' उहाँले भन्नुभयो,''मैनबत्तीको उज्यालो जस्तै तपाईहरुको जीवनमासमेत उज्यालो छिट्टै आउनेछ । त्यसैले उज्जवल भविष्यको आशा लिएर अघि बढ्नका लागि अनुरोध गर्दछौँ।'' सानो पाइला र जिल्ला बाल न्यायिक समितिको संयोजनमा किशोरहरुको लागि मैनबत्ती बनाउने तालिम दिइएको थियो। रासस



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

**सम्पादकीय**

# भारत प्रमुख छिमेकी

नेपाल र भारतको नामांकन हुनु अगावैदेखि नेपालमा रहेको भूभाग जनकपुरधाम र भारतमा रहेको भूभाग अयोध्याधामबीच त्रेतायुगकालीन सम्बन्ध रहेको विभिन्न धर्म ग्रन्थहरुमा वर्णन गरिएको छ। भगवान सीता र रामबीच भएको विवाहले दुई धार्मिक तत्कालीन राज्यबीच बेटीरोटीको कायम भएको सम्बन्ध अझै सुदृढ नै छ। नेपाल र भारतका नागरिकबीच धर्म, संस्कृति, भाषा, भेष, भुगोल लगायतमा समानता छ । नेपालको तराई मधेश र उत्तरी भारतको सीमा क्षेत्रका वासिन्दाहरुबीच धेरै समानता छ । नेपाल र भारतबीचको सम्बन्धलाई प्रगाढ बनाउन दुबै देशका वासिन्दाहरु सजग छन् । राजनीतिक रुपमा कहिलेकाही सम्बन्धमा कटुता देखिए पनि जनस्तरको सम्बन्धले त्यसलाई सुधार गर्छ। नेपाल र भारतका वासिन्दाहरुको बीच रहेको समानता संसारमै उदाहरणीय रहेको छ। नेपाल र भारतमा आउजाउ गर्न कुनै कानुनी झण्झट हुँदैन। सहज रुपमा दुवै देशका नागरिक आउजाउ गरिरहेका छन् । नेपालको उत्तर तर्फ ठूलो राष्ट्र चीन रहेको छ। तर चीनसित नेपालको कुनै समानता छैन । नेपालीहरुको चीनमा बिहेबारी, खानपान, भेषभुषा, भाषा, धर्म, संस्कृति केहिपनि मिल्दैन । सीमा जोडिए पनि अन्य कुनै लगाव छैन। तर नेपाल र भारतका वासिन्दाबीच आत्मीय सम्बनध छ। नेपालको विकासमा चीनको पनि सहयोग छ । नेपाल चीनलाई पनि असल छिमेकीकै रुपमा व्यवहार गर्दै आएको छ । तर चीनसित नेपालीको आत्मीय सम्बन्ध छैन। तर भारतसितको सम्बन्ध चीनको भन्दा फरक छ। नेपालको विकासमा भारतको पनि महत्वपूर्ण योगदान रहेको छ । चीनले नेपाललाई आफ्नो अनुकूल प्रयोग गर्ने भूमि बनाउन चाहेको देखिन्छ । त्यो सम्भव छैन। नेपाल कुनै पनि देशको हितका लागि अन्य देश विरुद्ध लाग्ने छैन। प्रधानमन्त्री केपी शर्मा ओली भारतको भ्रमण अगावै चीनको भ्रमणमा जाने कार्यक्रम छ। चीनबाट फर्केपछि उनी भारत भ्रमणमा जाने छन् । चीनको भ्रमण पहिले गर्नु र त्यसपछि भारतको भ्रमण गर्नु कुटनीतिक दृष्टिले महत्वपूर्ण हुन सक्छ। तर नेपाल र भारतबीचको प्रगाढ सम्बन्धको बीचमा पहिलो र दोस्रो विषयले महत्व राख्दैन । नेपालीहरु भारतीयसित दुई देशको नागरिकको रुपमा मात्र नभइ पारिवारिक, धार्मिक, सांस्कृतिक रुपमा समेत टाँसिएका छन् । नेपाल र भारतको सम्बन्धलाई प्रगाढ बनाउन प्रधानमन्त्री केपी शर्मा ओलीको आसन्न भ्रमणले मद्दत मिल्ने छ। नेपाली भूमिमा जन्मेर भारतको बोधगयामा ज्ञान प्राप्त गरेका भगवान बुद्धको ज्ञानभूमि बोधगयामा प्रधानमन्त्री ओलीले भारतीय समकक्षी नरेन्द्र मोदीसित भेँट्दै छन् । बोधगया र नेपालको लुम्बिनीबीच विशेष प्रकारको सम्बन्ध रहेको छ। दुई प्रधानमन्त्रीबीचको भेटले बोधगयाले ठूलो प्रचार पाउने छ।

ज्ञान शृङ्खला

# स्त्री र पुरुष सम्बन्ध र विवाह : सामयिक विमर्श



रोशन जनकपुरी

विवाह दुई विपरीतलिङ्गीहरु सम्मिलित मानव सामाजिक संस्था हो । प्राचीनकाल देखि यसको उद्देश्य जैविक आवश्यकताले उत्पन्न यौन संसर्ग र सन्तान उत्पादन यथावत छ । समयसँगै यसमा आर्थिक, धार्मिक,सांस्कृतिक, राजनैतिक र वैयक्तिक आदि अन्य तत्वहरु थपिँदै गएका हुन् । ऐतिहासिक प्रवाहमा प्रकृति र मानवबीचको सम्बन्ध तथा श्रम र उत्पादनबीचको सम्बन्धमा आउने परिवर्तनहरु र अवसरहरुले प्राचीन समाजमा प्रचलित स्वच्छन्द कामाचारलाई नियमन गरेपछि, विवाह नामक सामाजिक संस्थाको जन्म भएको हो ।

मानवीय इतिहासमा विवाहका तीनवटा रुप पाइन्छ – यूथ, युग्म र एकनिष्ठ । सबैभन्दा प्राचीन यूथविवाह एक समूहको स्त्री वा पुरुष अर्को समूहको स्त्री वा पुरुषसंग यौन संसर्ग गर्ने गर्दथे, तर आ-आफ्नै समूहमा बस्दथे। विवाहको यस चलनले यौन संसर्गको क्षेत्रमात्र निर्धारण गर्थ्यो ।

तर जीवनका जटिलताहरुले यसमा परिवर्तन ल्यायो । एउटै गोत्र भित्र उपगोत्रहरुमा र गोत्रभित्रै स्त्री र पुरुषबीच यौन संसर्गको स्थिति देखिन थाल्यो। यसलाई युग्मविवाह भनिन्छ । प्रायः निश्चित स्त्री-पुरुषबीच विवाह भएपनि पत्नीले अर्का पुरुषसंग र पतिले अर्की स्त्रीसंग यौन संसर्ग गर्ने गर्दथे । यूथविवाहले यौन संसर्गको क्षेत्रमात्र निर्धारण गरेको थियो भने युग्मविवाहले यौन सम्बन्धलाई भूगोल र सामाजिक क्षेत्र निर्धारणतिर अग्रसर गरायो ।

यूथविवाहको समयसम्म स्त्री र पुरुष समान थिए भने युग्मविवाहको चरणमा पुरुषवर्चस्व स्थापित भैसकेको थियो । सन्तान उत्पादन र पालन-पोषण तथा फलाहार संकलन जस्ता सामान्य प्रकृतिको आहार संकलन स्त्रीको दायित्व तथा हिंसक पशुहरुको शिकार तथा शत्रुसंगको संघर्षमा नेतृत्वकारी भूमिका खेल्ने दायित्व पुरुषहरुको निम्ती निश्चित भैसकेको थियो । यसले पुरुषहरुलाई पति (स्वामी, मालिक, अधिकारसम्पन्न) र स्त्रीलाई भार्या (भरण-पोषण वा पालन गर्नुपर्ने) र पत्नी (पालित) मा परिणत गरिसकेको थियो । साली विवाह, देवर विवाह र मन्दिरहरुमा देवदासी वा देउकी यूथविवाहकै अवशेषहरु हुन् ।

प्राचीन समाजको विवाह र सामाजिकता बारे उन्नाइसौँ शताब्दीका नृजातिविज्ञानका अनुसन्धाता एल एच मोर्गन, फ्रेडरिक एङ्गल्सको 'परिवार, निजीसम्पत्ति तथा राज्यको उत्पत्ति' र युगान्तकारी जीववैज्ञानिक डार्बिनका मानवविकास सम्बन्धी रचनाहरु महत्वपूर्ण अध्ययन सामग्री छन् । अठारौँ र उन्नाइसौँ शताब्दीमा लेखिएका पश्चिमा अनुसन्धाता र विद्वानहरुको यस मतलाई पूर्वीय शास्त्रीय र ऐतिहासिक साक्ष्यहरुले समेत पुष्टि गर्छन् ।

वैदिक वाङ्मय र प्राचीन पौराणिक ग्रन्थहरुमा युग्मविवाहका उदाहरण पर्याप्तमात्रा पाइन्छन् । वेदमा ऋचाहरुको रचना गर्ने अनेकौँ यस्ता ऋषिहरु छन्, जस्का पिताको ठेगान छैन । याज्ञवल्कय रचित बृहदारण्यक अनुसार यस्तै एकजना ऋषि सत्यकाम जाबाल शिक्षा अध्ययनको निम्ति ऋषि हारिद्रुत गौतम कहाँ गए। ऋषिले गोत्र परिचय सोधे। सत्यकामले आमासँग सोधे। आमाले आफू स्वतन्त्र नारी भएकोले कयौं पुरुषसँग गमन गरेले पिताको ठेगान भन्न नसकिने भनिन्। उनले छोरा सत्यकामको नामसँग आफ्नो नाम जाबाल थपी दिइन् र भनिन् यो नै तिम्रो गोत्र हो । अनि सत्यकामको गोत्र जाबाल भयो र नाम सत्यकाम जाबाल ।

युग्म विवाहको सबैभन्दा प्रसिद्ध उदाहरण महाभारतमा द्रोपदीको विवाह हो । द्रोपदीसँग पाँच भाई पाण्डवहरुले एकसाथ विवाह गरेका थिए। युग्मविवाहको एउटा भिन्न उदाहरण देवताका गुरु वृहस्पतिकी पत्नी तारा आफूले मन पराएर वृहस्पतिकै शिष्य चन्द्रमासँग भागेर गएको प्रसङ्ग छ। शिवपुराण र भागवत लगायतका पुराणहरु अनुसार, चन्द्रमा र ताराको संसर्गबाट एउटा सन्तान बुधको जन्म भयो । पछि देउताहरुले पञ्चायत गरेर छोरा चन्द्रमाको हुने र तारा वृहस्पतिकै पत्नी हुने फैसला सुनाए।

द्रोपदी र तारा सम्बन्धी यस्ता यौनसम्बन्धहरु अनौठो लागेपनि तत्कालीन समाजमा मान्य थिए । वर्तमानमा, आलोच्य भएपनि बहुपत्नीत्व र महिलाका गैरवैवाहिक पुरुष सम्बन्धहरु यस्तै प्राचीनकालीन मानसिकताका अवशेषहरु हुन् ।

मूख्यतः धन (अधिशेष, सरप्लस ) वा संचित वस्तु, आरक्षित वा अधिकारयुक्त क्षेत्रको उत्पत्ति र यसको गुम्ने भय, प्राप्त गर्ने तथा उत्तराधिकारको अवधारणा र यससँगै पुरुष वर्चस्व तथा उपयुक्त उमेरको कारण यौन आनन्द वा तृप्ति वैयक्तिक सामाजिक कारणहरुले युग्मविवाहलाई एकनिष्ठ विवाहतर्फ प्रेरित गर्‍यो । 'धन'को उत्तराधिकारी आफ्नै वीर्यबाट जन्मेको सन्तान होस भन्ने ध्येयपनि विवाहमा एकनिष्ठ वर्जनाको बलियो कारण बन्यो ।

रोचक उल्लेख्य के हुनसक्छ भने, एकनिष्ठ विवाह परम्पराको विकास न भएसम्म स्त्री-पुरुषबीच यौनप्रेम अझ आधुनिक अर्थमा स्त्री-पुरुषबीच प्रेमग्रन्थहरुमा व्याख्यायित आत्मिकप्रेम जन्मेको थिएन । आत्मिक प्रेम भनेपनि अथवा प्रेमका जतिसुकै दार्शनिक व्याख्या गरिएपनि स्त्री-पुरुषबीचको प्रेमाकर्षणको आधार विपरित यौनिक आकर्षण नै हो। शुरुमा यो यौनिक प्रेम विवाहेत्तर सम्बन्धमा बढी देखियो। तपाईँले पौराणिक कथाहरु, मिथकहरुमा नायकको वंशावली, वंशगत र वैवाहिक सम्बधहरु त पाउनु हुन्छ, तर त्यहाँ प्रेम, वियोग, विरह आदि भावनाहरुको चर्चा पाउनु हुन्न। ऋगवेदमा यौनिक प्रेमप्रसंगहरुको चर्चा छैन। यौनिक र एकनिष्ठ प्रेम धेरैपछि पौराणिक उत्तरकाल र त्यसपछिको कालमा रचिएको महाभारत आदि साहित्यप्रधान काव्यहरुसम्म पढन पाइन्छ । कृष्ण र सत्यभामा-रुक्मिणी होइन, कृष्ण-राधा, अर्जुन र द्रोपदीको होइन अर्जुन र सुभद्रा, दुष्यन्त र उनको विवाहित रानी होइन दुष्यन्त-शकुन्तला, आदि सामाजिक मान्यता प्राप्त विवाहभन्दा इतर विवाह वा अवैध यौन प्रेम सम्बन्धहरु एकनिष्ठरुपमा देखिएका छन् ।

(यहाँ कसैले सीता र रामको पति र पत्नीको प्रेमप्रसङ्ग प्रतिको जिज्ञासा उठाउन सक्छ । तर रामायणमा नै समाजमा प्रचलित विवाहेत्तर सम्बन्धका अनेकौँ प्रसङ्गहरु छन् । गौतम-अहिल्या-इन्द्र प्रसंग, दण्डकारण्यमा सूर्पनखाले सहजै राम र लक्ष्मणसामू विवाहप्रस्ताव राख्ने प्रसंग आदि यस्का सहज प्रमाण छन् । समीक्षिकीय दृष्टिले विचार गर्दा रामायणमा वर्णित समाज एउटा सामाजिक र राजकीय मान्यतामा सुव्यवस्थित हुन-हुन लागेको देखिन्छ भने महाभारतको समाज प्राचीनकाल देखि मिथकीय युगको अन्तसम्मको समाजको वर्णन बुझिन्छ । हुनपनि बाल्मीकिले आफूले सामाजिक मर्यादा कायम गर्नलाई रामायणको रचना गरेको भनेका छन् ।)

यस्ता उदाहरणहरु वैदिक वा दक्षिण एसियाली परिप्रेक्ष्यमा छ भन्ने पनि होइन । प्राचीन ग्रिसेली (युनानी) शास्त्रीय मिथहरुमा पनि प्रेमको देवता पाँइदैन । त्यहाँ कामको देवता 'एरोस' प्रकट हुने गर्दछ । त्यहाँ प्रेम त रखौटेहरु तथा दासहरुमा थियो। वस्तुतः जसलाई प्रेम भनिन्छ, त्यो वर्जनामुक्त, समानता र दुईजना बीच दैहिक र मानसिक दुबैस्तरमा अभिन्न अस्तित्वमा देखापर्छ। यसकारण पत्नी र पति बिचको दैहिक र मानसिक (आत्मीय) र जीवन नै संकट पार्नसक्ने सम्मको प्रेम धेरै पछि जन्मेको हो । यस बारेमा एङ्गल्सको भनाई रोचक छ :

"प्राचीनकालीन सरल यौन इच्छा, भचयक भन्दा, हाम्रो यौनप्रेम धेरै भिन्न छ। एक त, हाम्रो यौनप्रेमले यो मान्दछ कि यो दुईतर्फी हुन्छ; जस्मा प्रेम गरियो भने प्रेम पाइन्छ। यसरी स्त्रीको दर्जा पुरुषको बराबरी हुन्छ, जबकि प्राचीनकालीन भचयकमा हरेक पटक स्त्रीको राय सोधिँदैन। त्यस्तै, यौनप्रेम यति तीब्र र स्थायीरुप धारण गर्दछ कि दुबै पक्ष यस्तो मनःस्थितिमा पुग्दछन् मानौ उनिहरुले एक-अर्कालाई पाउन सकेनन् भने वा एक-अर्कासंग बिछोडिनु पर्‍यो भने यो सबैभन्दा ठूलो नभए, ठूलो दुर्भाग्य भने अवश्य हुनेछ। एक-अर्कालाई पाउन खातिर उनिहरुले ठूलोभन्दा ठूलो खतरा मोल्छन्, यहाँसम्म कि यसको निम्ती उनिहरुले आफ्नो जीवन संकटमा पार्नपनि हिचकिचाउँदैनन् ।



प्राचीनकालमा यस्ता कुरा, अधिकतम्, विवाहेत्तर यौन व्यापारमा हुने गर्दथ्यो । र अन्तिम कुरो यो छ कि, अचेल सम्भोगको औचित्य वा अनौचित्य एउटा नयाँ नैतिक मानदण्डबाट निर्धारित हुने गर्दछ। अब, सम्भोग वैध अथवा अवैध भन्ने मात्र सोधिँदैन, बरु त्यो पारस्परिक प्रेमको परिणाम छ कि छैन भन्नेपनि सोधिन्छ।" एङ्गल्सको यो उद्धरण दक्षिण एसियाली परिप्रेक्ष्यमा पनि सटिक छ।

दक्षिण एसियाली पौराणिक साहित्यमा एकनिष्ठ विवाहमा नियमन गर्ने श्रेय श्वेतकेतुलाई छ।

श्वेतकेतु, छान्दोग्य उपनिषदका प्रमुख ऋषि उद्दालकका छोरा थिए । छान्दोग्य उपनिषद र महाभारतको आदिपर्वका अनुसार एकजना ब्राह्मणले उनकी आमाको अपहरण गरे (अर्को कथा अनुसार उद्दालकले पत्नीलाई अतीथिलाई सुम्पेका थिए), र पिता उद्दालकले यसलाई सामान्य कुरा भनेपछि श्वेतकेतु अत्यन्त दुःखी भएका थिए । यसकारण उनले विवाहित पुरुषले अन्य स्त्रीसँग र विवाहित स्त्रीले पतिबाहेक अन्य पुरुषसँग यौनसंसर्ग गरेमा भ्रूणहत्याको पाप लाग्ने सिद्धान्त बनाए । पछि यस विषयमा याज्ञवल्क्य आदि ऋषिहरुले पनि आफ्ना स्मृतिहरुमा विवाहलाई नियमन गरे । बाल्मीकिको रामायणमा राम र सीताको कथाको माध्यमबाट यसलाई नै मर्यार्दित गर्ने प्रयत्न गरिएको छ।

मध्यकालमा विवाहेत्तर सम्बन्ध आलोच्य भएपनि रोकिएको थिएन । स्त्री जैविक अर्थमा पुरुषको निम्ति यौनिक पात्र, तथा धार्मिक परम्परा तथा पुरुष वर्चस्वको अर्थमा लौकिक र पारलौकिक सुख अर्थात पृथ्वीमा सन्तान जन्माएर धन र क्षेत्रको उत्पादन र रक्षा, तथा मृत्यू संस्कार गरेर पिता-मातालाई स्वर्गीय सुख दिलाउने साधन मात्र थिइन । यसको कारण थियो आर्थिक तथा विधि थियो धार्मिक । अतः मध्यकालमा समेत एङ्गेल्सले भनेजस्तै स्त्री र पुरुषवीच बराबरीको स्तरमा वैध प्रेम जन्मेको थिएन। यो विवाह बाध्यता र यान्त्रिक दायित्व मात्र थियो ।

प्राचीन र मध्यकालको तुलनामा वर्तमानमा स्त्री र पुरुषको प्रेम बढी मुक्त र समानतामा आधारित छ। संसारभरी भएका आधुनिक चेतनाको विकास, सामाजिक तथा राजनीतिक आन्दोलन, तथा समान शिक्षाको प्रसारको कारण वैचारिक र व्यावहारिक स्तरमा नारी र पुरुषको सम्बन्ध र समान हैसियत बारे विविध बहसहरु सृजना भएको छ । तर हाम्रो समाजमा पुरातन मानसिकता र परम्पराले अझै नारीलाई असमान र हेय दृष्टिकोणले हेर्छ। हाम्रो हिन्दू र मुस्लिम समाज अझै मध्यकालीन पुरुष वर्चस्वको धार्मिक रुढ सामाजिक व्यवस्थाबाट निस्कन सकेको छैन, जहाँ स्त्री यौनिकयन्त्र मात्र छे र पुरुष स्वामी, धन र स्वर्गको रक्षक छ।

यस एक्काइसौँ शताब्दीमापनि स्त्री र पुरुषबीचको सम्बन्ध र विवाह स्वतन्त्र र समानताको सिद्धान्तमा आधारित छैन। पिताले छोरीको हात समाएर पुरुषको जिम्मा लगाउँछ र आफूलाई ठूलो पुण्यको भागी सम्झेर कृत्कृत्य हुन्छ । यस्को निम्ती दुल्हाको बाउलाई दाइजो समेत दिने गर्दछ। यसमा घटी-बढी भएमा दुलहीको जीवन नारकीय भएको र दुलहीको हत्यासमेत हुने गरेको बेला बेलामा सुनिन्छ । स्त्री र पुरुषको मनोभाव न बुझेर गरिने यस्तै विवाह परम्पराको कारण समाजमा विवाहेत्तर सम्बन्धहरु तथा अपरिपक्व यौन सम्बन्धहरु , जतिसुकै आलोचना गरिएपनि जारी नै छ । एङ्गेल्सले ठिकै भनेका छन् – वर्तमान समाजमा एकनिष्ठ प्रेम समान हैसियतमा स्त्री-पुरुषको स्वतन्त्र यौनिक प्रेममा अभिव्यक्त हुन्छ।

वर्तमानमा सामाजिक सहअस्तित्व, आधुनिक शिक्षा र चेतना, विविध धर्म र जातिका मानिसहरुको मिश्रित समाज, जाति, धर्म र संस्कृतिभन्दा भिन्न आर्थिक र वर्गीय सम्बन्ध र सहकार्यले आधुनिक समाजमा प्रेमविवाहको (वास्तविक अर्थमा एकनिष्ठ) चेतना बढदो छ तथा गहिरिएर हेर्ने हो भने यस धर्मनिष्ठ जातीय समाजको आधार भत्किन स्वाभाविकरुपमै शुरु भइसकेको छ। यो आवश्यकपनि छ। विवाह जसरी आर्थिक भार र धनको प्रतिष्ठा प्रदर्शनमा परिणत हुँदैछ तथा स्त्रीहरु गरिब पिता-माताको निम्ती आर्थिक र सामाजिक चिन्ताको कारण बन्दैछिन्, यो आवश्यक छ। वस्तुतः यो प्रतिरोधपनि हो, जस्मा स्त्री र पुरुषको मनोभाव उपेक्षित भएको हुन्छ । पारम्परिक शैलीको विवाह हुनु हुँदैन, भन्ने पनि छैन। तर विवाहमा उमेरको परिपक्वता र स्त्री र पुरुषको इच्छाको पनि कदर हुनु पर्छ।

पूँजीवाद र बजारले प्रेमलाई विविध प्रचारको माध्यमबाट अनौठो र अवर्णनीय आनन्दमा परिणत गरिदिएको छ । सिनेमा यसका मूख्य कारक हो, जस्ले किशोर र युवावस्थामा हुने हार्मोन परिवर्तनको प्रभावका मानसिक उत्तेजनामा हुने विपरीतलिङ्गी आकर्षणलाई प्रेमको रुपमा परिभाषित गर्छ। अबोध र किशोरावस्थाका अपरिपक्व र भावनात्मक प्रेम विवाहहरु यसैका परिणाम हुन्, जो अन्ततः पुरुष वर्चस्वको पारम्परिक दाम्पत्यमा नै परिणत हुन्छन् । यस्ता कतिपय प्रेम विवाहहरु सामाजिक बहिष्करण र असहयोगको कारण असफल हुने गरेका छन् । यस प्रकारका असफलताहरुले अन्ततः समाजभित्र विविध विकृतिहरु र सामाजिक पछौटेपन जन्माउँदछन् । अतः प्रेम सम्बन्ध र विवाह समान चेतना तथा परिपक्व निर्णयका आधारमा गरिएमा मात्र सफल हुने सम्भावना रहन्छ । यद्यपि वर्जना रहेसम्म परम्पराको प्रतिरोध हुनु स्वाभाविक पनि हो । वैश्विक आधुनिक शिक्षा, साहचर्य र यसबाट उत्पन्न चेतना तथा सम्बन्धका कारण प्रेम सम्बन्धलाई रोक्न सकिँदैन । बरु यसलाई सहज र सामाजिकरुपमा स्वीकार गर्नु नै बुद्धिमानी हुनेछ। यो मानवीयपनि हो ।

# प्लास्टिक र यसले पशुहरु मा पार्ने दुषप्रभाव

डा.संजीव कुमार ठाकुर

कार्बन को पोलिमराइजेसन प्रक्रियाले निर्माण गरिएको कृत्रिम पदार्थलाई प्लास्टिक भनिन्छ। प्लास्टिकहरू सस्तो र टिकाउ हुन्छन् । जसले गर्दा विभिन्न प्रयोगका लागि उत्पादकहरूले अन्य सामग्रीहरू भन्दा प्लास्टिक प्रयोग गर्न रोज्छन्।यसको प्रयोग अहिले सर्वव्यापी छ ,निर्माण कार्य,प्याकेजिंग देखि इलेक्ट्रोनिक उपकरणहरु समेत मा व्यापकता छ। सन् १९०७ मा बेकेलाईट को आविस्कार ले कृतिम प्लास्टिक को युग को प्रारम्भ भयो । प्लास्टिक लामो समय सम्म नकुहिने र यसले जल ,जमिन र प्राणी लाई समेत ठुलो असर पार्ने गर्दछ।एक अध्यन ले देखाए अनुसार १९५० देखि २०१७ सम्म, अनुमानित ९.२ अर्ब टन प्लास्टिक विश्वव्यापी रूपमा उत्पादन गरिएको थियो , जसमध्ये अनुमानित ९% पुनः प्रयोग गरिएको छ र अर्को १२% जलाइएको छ। बाँकि ठूलो मात्रामा प्लास्टिक को फोहोर वातावरणमा रहयो र यसले सम्पूर्ण ईकोसिस्टम लाई नै असर गर्छ।यदि प्लास्टिक को मांग यस्तै रहिरहने हो भन्ने सन् २०६० सम्म मा बार्षिक विश्वव्यापी प्लास्टिक उत्पादन १.३ अर्ब टन नाघ्ने अनुमान गरिएको छ । त्यस्तै प्लास्टिक ले गर्दा नालाहरु जाम भई फोहोर को निकास रोकिने र समतल भूभाग जलमग्न हुनजाने जस्ता समस्या मात्र ल्याउदैन यसले पोखरी ,ताल,नदि ,हुदै समुद्रलाई समेत प्रदुषित बनाउछ जसले गर्दा जलीय जीवहरु मात्र प्रभावित नभई त्यसलाई उपयोग गर्ने सबै प्रभावित हुन् जान्छ। माइक्रो प्लास्टिक र यसमा रहेको हानिकारक रसायनले क्यान्सर, ब्रेन को बृधि विकास ,भ्रुण को बृधि -विकास र हर्मोनल गडबडी को साथै थुप्रै अन्य मेटाबोलिक रोगहरु समेत निम्त्याउने कुराहरु बिभिन्न शोधहरु बाट समेत देखिदै आएको छ।



### पशुहरू मा प्लास्टिक को असर

प्लास्टिक कुनै प्राणीको लागी खानयोग्य वस्तु होइन तर पशुहरु यसको रङ ,नरमता र यसमा राखिएको को खाध वस्तु को गन्ध र स्वाद ले झुक्किने गर्दछ । शहरीक्षेत्रमा अव्यवस्थित फोहोर बिसर्जन ,जथा भावी प्लास्टिक प्रयोग र जहाँ तही फाल्ने प्रवितीले पनी पशुहरु शिकार बन्न पुगेका छन् ।यसै असार २९गते जनकपुरधाम मा पशु चिकित्सकहरु लाई रुमिनोटोमी सर्जरी सिकाउने ट्रेनिंग को क्रम मा एउटा गाई को पेट बाट करिब २० देखि २५ किलो प्लास्टिक निकालिएको घटनाले समेत यसको पुस्टि गर्दछ।

### प्लास्टिक खाएको पशुहरू मा देखिने लक्षणहरू र उपचार

प्लास्टिक खाने बितिकै कुनै लक्षण देखिदैन ,यो मात्रा र पटक मा भर पर्ने कुराहो। थोरै मात्रा र न अड्किने भये गोबर बाट बाहिरिने गर्दछ। तर धेरै र क्रमश जम्मा हुदै गरेमा, यसले पेट को रुमेन भाग ओगट्दै जान्छ जसले रुमेन लाई ब्लोक गर्ने र अपाच्य प्लास्टिकले इम्प्याक्सन गराउने ,खानाहरु यसमै अल्झिएर बस्न सक्ने, खाएको बस्तुमा रहेको पोषण शरीर ले प्राप्त गर्न नसक्ने,तिखो खालको भागले कोतारिने जसले गर्दा थप संक्रमण हुने, भित्र घाउ बनाउने सम्भावना रहन्छ। दिर्घकालिन रुपमा पशुहरु कमजोर हुदै जानु ,खाना कम खानु ,पेट फुल्नु ,छट्पटी हुनु,स्वास प्रस्वास मा समेत रक्तअलप्ता ले गर्दा असर गर्दछ साथै घोच्ने खाल को भएमा टि.आर.पी समेत हुने गर्दछ। त्यस्तै गाई भैसी मा दुध उत्पादन समेत घट्दै जानु यसको लक्षण हो। जुन थुप्रै अन्य रोगहरु संग मिल्ने भएकोले रोगनिदान मा जटिलता उत्पन गर्दछ र रोगै पता नलागी पशु को मृत्यु हुनजान्छ। त्यसैले शहर बजार को पशुहरु मा माथिको लक्षण देखाएमा त्यस्ता पशुहरुको रोग निदान गर्दा माथिको लक्षणलाई समेत रोग निदान को आधार बनाउनु आवश्यक देखिन्छ।

यसको सर्जरी बाहेक कुनै ठोस उपचार छैन ,जुन आफै मा खर्चिलो र सबै ठाउँ मा सर्वशुलभ पनी छैन।

### अबको बाटो

हामीले जान अन्जान मा गरेको गल्तीले जल ,जमिन र प्राणीहरु प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा प्रभावित भै रहेका छन ।प्लास्टिक बाट निस्कने रसायनले जल ,जमिन हुदै मानव स्वास्थ्य मा एकातिर असर गर्दै छन् भन्ने अर्कोतिर प्लास्टिक मा खानेकुराहरु फाल्ने,प्लास्टिक फालिएकै थुप्रो मा खाना फाल्ने ले गर्दा पशुहरु मृत्यु को मुखमा धकिलिदै छन् ।यस बाट जोगिन् समाज मा प्लास्टिक प्रदुषण को जनचेतना फैलाउने,फोहोर व्यबस्थापन राम्रो तरिका ले गर्ने ,फोहोरहरु बिहान हुनु अगावै उठाउने जसले पशु को पहुच घटाउन सहयोग पुग्छ, पशुहरु शहरी क्षेत्रमा छाडा छोड्ने बानीमा सुधार ल्याउने र त्यसता पशुहरु नियन्त्रण गरि व्यबस्थापन गर्ने, स्कुल/कलेज शिक्षाको पाठ्यक्रम मा प्लास्टिक प्रदुषण को बारेमा पढाउने र प्लास्टिक को प्रयोग सम्बन्धि बिधमान ऐन कानुन को आत्मसात गरि सकेसम्म कम प्लास्टिक को प्रयोग गर्ने ,कागज/कपडा /जुट को थैलो बढी भन्दा बढी प्रयोग मा ल्याउने नै अबको अन्तिम बिकल्प हुने छ।

# सहरी विकासमन्त्री र सचिवबीच कार्यसम्पादन सम्झौता



काठमाण्डु । उपप्रधानमन्त्री एवं सहरी विकासमन्त्री प्रकाशमान सिंह र सचिव गोपालप्रसाद सिग्देलबीच आर्थिक वर्ष २०८२/८३ का लागि कार्यसम्पादन सम्झौता भएको छ ।

सहरी विकास मन्त्रालयको सभाहलमा उपप्रधानमन्त्री सिंहसँग चालु आर्थिक वर्षमा गरिने मुख्य काम र हासिल हुने उपलब्धिका लागि सचिव सिग्देलले कार्यसम्पादन सम्झौता भएको हो ।

उपप्रधानमन्त्री सिंहले आर्थिक वर्ष २०८२/८३ मा गरिने कार्य सम्पादनलाई छिटो र प्रभावकारी बनाउन सोमबार भएको सम्झौता इमानदारीपूर्वक पालना गर्न निर्देशन दिनुभयो । उहाँले अघिल्लो आर्थिक वर्षमा समयमा काम हुन नसक्दा लक्ष्य हासिल नभएकोमा असन्तुष्टि जनाउँदै समयमा योजना किन सकिएनन् ? भन्दै प्रश्न गर्नुभयो ।

"कर्मचारीहरुले निर्वाह गर्नुपर्ने भूमिका इमानदार भएर पूरा गर्नुपर्‍यो, समयमा गर्नुपर्ने निर्णय समयमा हुनुपर्‍यो । पन्छिने प्रवृत्तिले समयमा काम हुन सक्दैन । गर्नुपर्ने काम समयमा गर्नुस्, जनतालाई छिटो रिजल्ट दिनुपर्छ", उहाँले भन्नुभयो, "सहरी विकास मन्त्रालय विकास निर्माणसँग सम्बन्धित मन्त्रालय हो । नागरिकको प्रत्यक्ष चासो जोडिएको हुन्छ । जनतालाई छिटो नतिजा दिने गरी काम गर्नुपर्छ । यसमा सबै गम्भीर बन्नुस् ।"

उहाँले अघिल्लो आवमा भएका कमजोरी नदोहोर्‍याउन सचेत गराउँदै चालू आर्थिक वर्षमा मन्त्रालयका काम प्रभाकावारी बनाउने गरी लाग्न सचिवसहित सबै विभागीय प्रमुखहरुलाई निर्देशन दिनुभयो ।

सचिव सिग्देलले गत आवमा केही कारणले आर्थिक प्रगति कम भए पनि भौतिक प्रगति राम्रो भएको भन्दै चालू आवमा कार्य लक्ष्य हासिल गर्ने गरी काम गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । उपप्रधानमन्त्री सिंहले यसअघि प्रधानमन्त्री केपी शर्मा ओलीसँग कार्यसम्पादन सम्झौता गर्नुभएको थियो ।रासस

# समाजलाई दिग्भ्रमित पार्ने कोसिस भइरहेका छन्: सभापति देउवा

"कांग्रेसले लामो संघर्ष, बलिदान र आन्दोलनमार्फत नेपालमा बहुदलीय लोकतन्त्र, मानव अधिकार, प्रेस स्वतन्त्रता र नागरिक स्वतन्त्रताको जग बसाएको छ"





पाटन । नेपाली कांग्रेसका सभापति एवम् पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले पुराना पार्टीहरूले केही गर्न सकेनन् भन्ने अतिरञ्जित र नकारात्मक भाष्य निर्माण गरी समाजलाई दिग्भ्रमित पार्ने कोसिस भइरहेको बताउनुभएको छ ।

पार्टीको शुभेच्छुक संस्था समन्वय विभागद्वारा सोमबार केन्द्रीय कार्यालय सानेपामा आयोजित अन्तरक्रिया तथा तीजको शुभकामना आदानप्रदान कार्यक्रममा उहाँले यस्ता भाष्य र चुनौतीहरूलाई चिर्दै अझ बढी सशक्त र क्रियाशील हुन आवश्यक रहेको बताउनुभयो ।

सभापति देउवाले कुनै पनि भ्रममा नपरी आगामी दिनमा पार्टीलाई बलियो बनाउन लाग्नुपर्नेमा जोड दिनुभयो । "कांग्रेसले लामो सङ्घर्ष, बलिदान र आन्दोलनमार्फत नेपालमा बहुदलीय लोकतन्त्र, मानव अधिकार, प्रेस स्वतन्त्रता र नागरिक स्वतन्त्रताको जग बसाएको छ", उहाँले भन्नुभयो,"शुभेच्छुक संस्थाहरू पार्टीको मूल्य, मान्यता, आदर्श, नीति तथा कार्यक्रमहरूलाई जनस्तरसम्म पुर्‍याउने आधारशिला हुन् । समाजका विविध क्षेत्र र पेसामा क्रियाशील व्यक्तिहरूको श्रम र योगदानकै कारण कांग्रेसलाई सशक्त बनाउन सम्भव भएको छ। यसलाई थप बलियो बनाउन यहाँहरूको भूमिका महत्त्वपूर्ण हुनेछ ।"

सभापति देउवाले पार्टीका सबै भ्रातृ एवं शुभेच्छुक संस्थाहरूलाई क्रियाशील र गतिशील बनाउँदै पार्टीभित्र बृहत् एकता कायम गरी आगामी निर्वाचनमा बहुमत ल्याई स्थिरता दिनुपर्ने बताउनुभयो ।

देशमा रहेका विभिन्न पर्वहरूमध्ये हरितालिका तीज नेपाली महिलाहरूको विशेष पर्व भएको उल्लेख गर्दै उहाँले चेलीहरू माइत आउने र पारिवारिक सम्बन्धलाई हार्दिक बनाउन भूमिका निर्वाह गर्ने दृष्टिले पनि यस पर्वको विशेष महत्त्व रहेको धारणा राख्नुभयो ।

महामन्त्री गगनकुमार थापाले विधानअनुसार पार्टीको सर्वोत्तम हित र प्रजातान्त्रिक मूल्य तथा मान्यतालाई स्वीकार्ने भ्रातृ संस्थाका साथै शुभेच्छुक संस्थाले पनि समयमा अधिवेशन गरेर गतिशील बन्नुपर्नेमा जोड दिनुभयो । उहाँले पार्टीको शुभेच्छुक सङ्घ समन्वय विभागलाई शुभेच्छुक संस्थाका लागि आवेदन दिएका विषयमा अध्ययन गरेर केन्द्रीय समितिमा पेस गर्न आग्रह गर्नुभयो ।

"पार्टीको नेतृत्वलाई सुझाव दिने र सांसदलाई ज्ञान दिने काममा शुभेच्छुक संस्थाहरूको भूमिका हुन्छ । यस्ता संस्था पार्टीको मूलधारमा नभए पनि पार्टी नेतृत्वलाई सुझाव दिएर सुधार्ने क्षमता राख्छन्", उहाँले भन्नुभयो ।

महामन्त्री थापाले पार्टीको जिम्मेवारीमा रहेका मानिसहरू शुभेच्छुक संस्थाको जिम्मेवारी र नेतृत्वमा बस्न नहुनेमा जोड दिनुभयो ।

कोषाध्यक्ष उमेश श्रेष्ठले पार्टीका गतिविधिलाई सामाजिक सञ्जालमा प्रभावकारी बनाउँदै समृद्धिको आधार निर्माण गर्न ठूलाठूला परियोजनामार्फत उत्पादकत्व वृद्धि गर्न ध्यान दिनुपर्ने बताउनुभयो ।

पार्टी प्रवक्ता डा प्रकाशशरण महतले शुभेच्छुक संस्था पार्टीको नियन्त्रणमा नरहेकाले यस्ता सङ्घसङ्गठनलाई पार्टीले सहजीकरण मात्रै गर्नसक्ने बताउनुभयो ।

कांग्रेस केन्द्रीय सदस्य एवम् महिला विभाग प्रमुख पुष्पा भुसालले कांग्रेसको नेतृत्वमा बनेको संविधान र संविधानअनुसार बनेका संरचना कमजोर भएका हुन् कि भन्ने चिन्ता बढ्दै गएको भन्दै पार्टीले आफ्ना 'एजेन्डा' बलियो बनाउन ध्यानदिनु पर्ने बताउनभयो । उहाँले महिलामाथि असमानतालाई बढावा दिनेगरी बहुविवाहलाई प्रश्रय दिनेखालका कानुन ल्याउन नहुनेमा जोड दिँदै पार्टी नेतृत्वको ध्यानाकर्षण गराउनुभयो ।

विभागका प्रमुख अब्दुल सतारले पार्टीको शुभेच्छुक संस्थाको पहुँच वडा तहसम्म रहेको भन्दै पार्टीलाई बलियो बनाउन गुमेको मतलाई पुनःस्थापित गराउन भूमिका खेल्नुपर्नेमा जोड दिनुभयो ।रासस

# 'राजनीतिक अराजकता रोक्न ठूला दल एकै ठाउँमा'





लेखनाथ । नेपाली कांग्रेसका उपसभापति धनराज गुरुङले देशमा राजनीतिक अराजकता र विकृति फैलिएका कारण ठूला दलहरु एक ठाउँमा उभिएका बताउनुभएको छ ।

नेपाल लोकतान्त्रिक खेलकुद सङ्घ गण्डकी प्रदेश समितिको प्रथम प्रदेश अधिवेशनको सोमबार पोखरामा उद्घाटन गर्दै उपसभापति गुरुङले राजनीतिक दलहरुमा अराजकता पैदा हुँदा राष्ट्रियता नै कमजोर हुने बताउनुभयो । राष्ट्रियता जोगाउन बिपी कोइरालाले जसरी मेलमिलापको नीति अगाडि सारेर नेपाल आउनुभयो त्यसरी नै वर्तमान अवस्थामा राष्ट्रियता कमजोर भएकाले देशलाई जोगाउन राजनीतिक दलहरु एकै ठाउँमा उभिन जरुरी रहेको बताउनुभयो ।

राष्ट्रियता, लोकतन्त्र र समाजवाद राष्ट्रिय एकताको मेरुदण्ड भएकाले सबै पार्टी समाजवादलाई माथि उकास्न लाग्नुपर्नेमा उपसभापति गुरुङले जोड दिनुभयो ।

नेपाली राजनीतिलाई सुधारेर जान सक्यौँ भने देशमा देखिएका यावत् विकृति र विसङ्गति अन्त्य भएर जाने उहाँको भनाइ थियो । खेलकुदलाई पर्यटनसँग जोडेर जान सकियो भने खेलाडीमार्फत विदेशमा समेत पर्यटन र खेलकुदसँगसँगै प्रवर्द्धन गर्न सकिनेमा जोड दिँदै खेलजगत् देशको एउटा मात्र अनुशासित पाटो भएको उहाँले बताउनुभयो ।

"खेलाडीलाई उत्साहित र आर्थिक रुपमा सबल बनाउन सक्यौँ भने मात्र नेपाली खेलाडीले स्वदेश तथा विदेशमा आफ्नो खेल उत्कृष्ट रुपमा प्रस्तुत गर्न सक्छन्", उपसभापति गुरुङले भन्नुभयो ।

नेपाली कांग्रेसका नेता मोहन बस्नेतले नेपाली युवालाई खेलकुदका माध्यमबाट सशक्तीकरण गर्दै उनीहरुको आर्थिक समृद्धिमा ध्यान दिन जरुरी भएको बताउनुभयो । युवालाई खेल क्षेत्रप्रति आकर्षित गर्ने काम राज्य र खेल क्षेत्रका संस्थाबाट हुनुपर्नेमा उहाँको जोड थियो ।

नेपाली कांग्रेस खेलकुद विभागका प्रमुख उमेशजङ्ग रायमाझीले खेलकुललाई महत्वका साथ अगाडि बढाउन राज्यको ध्यान जान आवश्यक भएको बताउनुभयो । नेपाली कांग्रेसका नेता गणेश वन, शुक्रराज शर्मा, किशोरदत्त बराल, देविन्द्र शेरचन, विष्णु क्षेत्री, नेपाल लोकतान्त्रिक खेलकुद सङ्घ गण्डकी प्रदेश समितिका अध्यक्ष विद्या मर्सानीलगायतले खेलकुद क्षेत्रको विकासमा जोड दिनुभयो । अभिवेशनले नयाँ नेतृत्व चयन गर्ने छ ।रासस

# वैकल्पिक विकास वित्त विधेयकमाथिको दफावार छलफल सकियो



काठमाण्डु । 'वैकल्पिक विकास वित्त परिचालनका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८२' माथिको दफावार छलफल सकिएको छ ।

प्रतिनिधिसभाअन्तर्गतको अर्थ समितिको सोमबारको बैठकले विधेयकमा राखिएको निर्देशक समितिको काम, कर्तव्य र अधिकारबाहेकका बुँदामा सहमति जुटाएको हो ।

समिति सभापति सन्तोष चालिसेले विधेयकको दफावार छलफलका क्रममा भएका संशोधनसहितको प्रतिवेदन तयार पारी पेस गर्न निर्देशन दिनुभयो । त्यस्तै, निर्देशक समितिको काम, कर्तव्य र अधिकार थप स्पष्ट हुनेगरी विधेयकमा थप गर्न पनि अर्थ समितिले निर्देशन दिएको छ ।

यसअघि विधेयकमा वैकल्पिक विकास वित्त कोषमा अर्थसचिव अध्यक्ष रहने गरी सञ्चालक समितिको मात्रै व्यवस्था गरिएकोमा अर्थ समितिले त्यसभन्दा माथि निर्देशक समिति रहनेगरी संशोधन गरेको छ ।

अर्थमन्त्रीको संयोजकत्वमा रहने निर्देशक समितिमा राष्ट्रिय योजना आयोगका उपाध्यक्ष, नेपाल राष्ट्र बैंकका गभर्नर, मुख्यसचिव र लगानी बोर्डको प्रमुख कार्यकारी अधिकृत सदस्य रहने प्रस्ताव गरिएको छ । तर निर्देशक समितिले के-कस्ता काम गर्ने भन्ने अझै स्पष्ट भइसकेको छैन । विधेयकको दफा ५२ मा कोषसँग सम्बन्धित विषयमा मन्त्रिपरिषद्बाट निर्णय हुनसक्ने व्यवस्था राखिएको छ। नीतिगत निर्णयहरु मन्त्रिपरिषद्बाट हुने र व्यवस्थापकीय कामहरु सञ्चालक समितिबाट गरिनेगरी अर्थ मन्त्रालयले विधेयक प्रस्ताव गरेको थियो । तर अर्थ समितिले सञ्चालक समितिभन्दा माथि निर्देशक समिति राखेपछि के-कस्ता निर्णयका लागि मन्त्रिपरिषद्मा लैजाने र कस्ता खालका निर्णय निर्देशक समितिले गर्ने भन्ने स्पष्ट छैन । यसबारे गृहकार्य गरेर निर्देशक समितिका काम कर्तव्य र अधिकार स्पष्ट पारी प्रतिवेदन तयार गर्न पनि समितिले निर्देशन दिएको छ ।

त्यसैगरी, वैकल्पिक विकास वित्त कोषबाट कृषि, वन पैदावार र खानी तथा खनिजजन्य क्षेत्रमा पनि लगानी गर्न सक्नेगरी अर्थ समितिले विधेयकमा थप गरेको छ । विधेयकअनुसार विद्युत् उत्पादन, प्रसारण तथा वितरण आयोजना, सडक, रेलमार्ग, विमानस्थल, सुरूङमार्ग, औद्योगिक विकास पूर्वाधार निर्माण (विशेष आर्थिक क्षेत्र, औद्योगिक पार्क, सुक्खा बन्दरगाह वा सूचना प्रविधि पार्क) निर्माणका लागि वैकल्पिक वित्तका स्रोत प्रयोग गर्न सकिनेछ ।

त्यस्तै, सहरी विकास पूर्वाधार निर्माण, केबुलकार, रज्जुमार्ग, पोडवेलगायत संरचना निर्माण एवम् सञ्चालनका लागि यस्ता कोष परिचालन गरिने जनाइएको छ । निजी क्षेत्रले कार्यान्वयन गर्ने सार्वजनिक-निजी साझेदारीअन्तर्गतको राष्ट्रिय प्राथमकिता प्राप्त परियोजनामा पनि कोषले लगानी गर्न सक्नेछ। यद्यपि, रू एक अर्बभन्दा कम लागत अनुमान भएको परियोजनामा भने कोषबाट लगानी गर्न नसिकने विधेयकमा उल्लेख छ ।

तत्काल प्रतिफल दिन नसक्ने परियोजना, ऋण वा जमानतवापत धितो दिन नसक्ने परियोजना, कोषले जारी गरेको ऋणपत्र वा डिबेञ्चर धितो वा जमानत राखी ऋण माग गर्ने परियोजना, कुनै प्राकृतिक व्यक्तिले कार्यान्ववयन गर्ने परियोजनामा कोषले लगानी गर्नेछैन ।

त्यस्तै, कोषको बहालवाला सञ्चालक वा प्रमुख कार्यकारी अधिकृत वा त्यस्तो पदाधिकारी बहाल हुनुभन्दा कम्तीमा तीन वर्षअघि आधारभूत शेयरधनी, साझेदार, सञ्चालक वा सदस्य रहेको फर्म, कम्पनी वा संस्थाले कार्यान्वयन गर्ने परियोजनामा लगानी गर्न नपाइने व्यवस्था विधेयकमा राखिएको छ।

मुलुकको समृद्धि, दीगो विकास तथा उत्पादकत्व वृद्धिका लागि अत्यावश्यक पूर्वाधार परियोजना कार्यान्वयन गर्न परम्परागत लगानीका अतिरिक्त वैकल्पिक वित्त परिचालन आवश्यक रहेको भन्दै सरकारले यो विधेयक ल्याएको हो । विभिन्न किसिमका ऋणपत्र, प्रत्याभूति पत्र, स्वपूँजी कोषलगायत विभिन्न वित्तीय वा मौद्रिक उपकरणमार्फत वैकल्पिक वित्त परिचालन गर्न सकिने विधेयकमा उल्लेख छ ।

विधेयकअनुसार कोषको अधिकृत पुँजी रू एक खर्ब र चुक्ता पुँजी रू २५ अर्ब हुनेछ । त्यसमा नेपाल सरकारको ५१ प्रतिशत अर्थात् रू १२ अर्ब ७५ करोड बराबरको शेयर लगानी गर्ने प्रस्ताव गरिएको छ। रासस


## Invitation for Bids

**Madhesh Institute of Health Sciences**
**Janakpurdham, Dhanusha**

**Date of publication: 19th August 2025**

1. Madhesh Institute of Health Sciences, Janakpurdham, Dhanusha invites electronic bids from eligible bidders for the procurement of supply and delivery of Stationary & Printing Items under National Competitive Bidding – Single Stage Single Envelope Bidding procedures.
2. Eligible Bidders may obtain further information from PPMO e-GP system www.bolpatra.gov.np/egp.
3. Bidder should submit their bid electronically and may download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document NRs. 3000/- in the Project's Rajaswa (revenue) account as specified below.

**Information to deposit the cost of bidding document in Bank:**

**Name of the Bank:** Rastriya Banijya Bank Ltd, Janakpurdham, Dhanusha
**Name of Office :** Madhesh Institute of Health Sciences, Janakpurdham, Dhanusha
**Office Code no. :** 3700017022
**Office Account no.:** 1220100026496001
**Rajaswa (revenue) Shirshak no.:** 14229
**Dharauti Khata No.:** 1220100026497001

4. Electronic bids must be submitted through PPMO's e-GP system www.bolpatra.gov.np/egpon or before 12:00 Noon on 18th Sep. 2025. Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 02:00 PM on 18th Sep. 2025 at the office of The Madhesh Institute of Health Sciences, Janakpurdham, Dhanusha. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of amount mention below in the table, which shall be valid for 30 days beyond the validity period of the bid (i.e. Total 120 days)

| SN | IFB No. | IFB/Contract Name | Bid Fee (NRs) | Bid Security (NRS) |
|---|---|---|---|---|
| 1. | MIHS/NCB/ GOODS/2082-83/03 | The procurement of supply and delivery of Stationary & Printing items. | 3000/- | 67,000/- |

6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.
7. The evaluation will be done on unit rate and the contract will be awarded to the bidder offering the lowest price of the individual commodities (Itemwise).
8. After Signing Of Contract this rate shall be valid for one fiscal year and bidder must supply the goods as per approved rate there may be decrease or increase in quantity in contract period. Purchaser shall issue the multiple purchase order as per requirement in differents dates.

# दक्षिण कोरिया र अमेरिकी सेनाद्वारा वार्षिक ग्रीष्मकालीन अभ्यास सुरु

एपी

सियोल। दक्षिण कोरिया र संयुक्त राज्य अमेरिकाले सोमबार आणविक हतियारयुक्त उत्तर कोरियाको खतरालाई सामना गर्न वार्षिक ठूलो सैन्य अभ्यास सुरु गरेका छन्।

यसले क्षेत्रीय तनाव अझै बढ्ने सम्भावना रहेको छ । उत्तर कोरियाले यसलाई आक्रमण अभ्यासका रूपमा चित्रण गर्दै 'कुनै पनि उक्साहट' को जवाफ दिने चेतावनी दिएको छ।

एघार दिने 'उल्ची फ्रिडम सिल्ड' नामक अभ्यासमा करिब २१ हजार अमेरिकी र १८ हजार दक्षिण कोरियाली सैनिकहरू सहभागी छन्। यसमा कम्प्युटर-सिमुलेटेड कमान्ड पोस्ट अपरेसन र फिल्ड प्रशिक्षण समावेश छ । सहयोगीहरूले यसलाई रक्षात्मक भन्दै आएका छन्, तर उत्तर कोरियाले प्रायः यस्ता अभ्यासलाई हतियार परीक्षण र सैन्य प्रदर्शन गर्ने बहानाका रूपमा प्रयोग गर्ने गरेको छ।

गत हप्तामा उत्तर कोरियाली रक्षामन्त्री नो क्वाङ चोलले अभ्यासलाई 'सैन्य टकराव' को सङ्केत भन्दै आफ्नो सेना सीमा बाहिर जाने कुनै पनि गतिविधिको प्रतिकार गर्न तयार रहेको बताउनुभएको थियो।

यो अभ्यास दक्षिण कोरियाका नयाँ राष्ट्रपति ली जे म्युङका लागि संवेदनशील समयमा भइरहेको छ। उहाँ अगस्ट २५ मा वासिङ्टनमा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पसँग शिखर सम्मेलनको तयारीमा




हुनुहुन्छ। ट्रम्पले विगतमा दक्षिण कोरियामा तैनाथ अमेरिकी सैनिकहरूको खर्च बढाउन माग गर्नुभएको थियो, जसले गठबन्धनमा दबाब बढाएको छ।

उत्तर कोरियाले लीको कूटनीतिक आह्वानलाई बेवास्ता गरेको छ। नेता किम जोङ उनले आफ्नो हतियार कार्यक्रमलाई गति दिइरहेका बेला र रुससँग सम्बन्ध गहिरो बनाइरहेका कारण कोरियाली प्रायद्वीपमा तनाव बढेको छ। लीले सोमबार भन्नुभयो, "हामीलाई अब आवश्यक कुरा भनेको दृढ सुरक्षा तयारीसँगै निरन्तर तनाव घटाउने कदम चाल्नु हो।"

दक्षिण कोरियाले सोमबार चार दिने नागरिक सुरक्षा अभ्यास पनि सुरु गरेको छ। अघिल्लो सरकारले यस्तै अभ्यासलाई अझ विस्तार गरेको थियो, जसले किमलाई क्रोधित बनाएको थियो।

ली सरकारले सन् २०१८ मा हस्ताक्षर भएको अन्तर-कोरियाली सैन्य सम्झौता पुनःस्थापना गर्ने प्रयास गर्ने बताएको छ। त्यस सम्झौताले सीमा क्षेत्रमा बफर जोन र नो-फ्लाई जोन बनाएको थियो। तर सन् २०२४ मा उत्तर कोरियाले दक्षिण कोरियातर्फ फोहोरले भरिएका बेलुन पठाएपछि दक्षिण कोरियाले सम्झौता स्थगित गरेको थियो। उत्तर कोरियाले त्यसपछि सम्झौता नमान्ने घोषणा गरिसकेको छ। दक्षिण कोरियाको रक्षा मन्त्रालयले भने अमेरिकी सैन्य अभ्याससँग सम्झौता पुनःस्थापना गर्ने कदमको तत्काल कुनै सम्बन्ध नभएको स्पष्ट पारेको छ। यद्यपि, केही अभ्यास क्षेत्रहरूमा गर्मी र बाढीका कारण क्षति भएकाले आधा प्रशिक्षण कार्यक्रम सेप्टेम्बरसम्म सारिएको छ।

ट्रम्पले अघिल्लो कार्यकालमै दक्षिण कोरियालाई आफ्नो भूमिमा तैनाथ २८ हजार पाँच सय अमेरिकी सैनिकका लागि थप भुक्तानी गर्न दबाब दिनुभएको थियो। उहाँका सहयोगीहरूले गठबन्धन पुनर्गठनबारे सङ्केत दिएका छन्, जसले दक्षिण कोरियामा अमेरिकी सेनाको आकार र भूमिकामा असर पार्न सक्छ।

विशेषज्ञहरूका अनुसार यस्तो दृष्टिकोणमा दक्षिण कोरियाले उत्तर कोरियासँगको खतरामा अझ ठूलो भूमिका खेल्नुपर्ने हुन्छ भने अमेरिकी सेना चीनप्रति बढी केन्द्रित हुनेछ। यसले सियोललाई थप जोखिम र खर्च बेहोर्नुपर्ने अवस्था ल्याउन सक्छ।

हालै पत्रकारहरूसँग बोल्दै, अमेरिकी सेनाका कमान्डर जनरल जेभियर ब्रुनसनले उत्तर कोरियाको आणविक महत्त्वाकांक्षा, रुससँगको गठबन्धन र चीनको चुनौतीलाई ध्यानमा राख्दै 'स्वतन्त्र र खुला इन्डो-प्यासिफिक' का लागि गठबन्धनलाई आधुनिक बनाउनु जरुरी रहेको बताउनुभएको थियो।

# मेलबर्नसँग नेपाल पराजित



काठमाण्डु । अष्ट्रेलियाको नर्दन टेरिटोरीमा जारी टप एण्ड टी-२० सिरिजअर्न्गत आफ्नो तेस्रो खेलमा नेपाल पराजित भएको छ।

डार्बिनस्थित टिआइओ रङ्गशालामा सोमबार भएको खेलमा मेलबर्न स्टार्स एकेडेमीसँग नेपाल ३१ रनले पराजित भएको हो। यससँगै तीन खेल खेलेको नेपाल तीनै खेलमा पराजित भएको छ । नेपाल पहिलो खेलमा एनटी स्ट्राइक र दोस्रो खेलमा बङ्गलादेश 'ए' टोलीसँग पराजित भएको थियो।

सोमबार मेलबर्न स्टार्स एकेडेमीले दिएको १७६ रनको लक्ष्य पछ्याएको नेपाल निर्धारित २० ओभरमा आठ विकेट गुमाएर १४४ रनमा समेटियो। नेपालका लागि ओपनर आसिफ शेखले अर्धशतक बनाए । उनको त्यो अर्धसतक नेपालको जितको लागि प्रयाप्त भएन। उनले ४९ बल खेल्दै तीन चौका र एक छक्का प्रहार गर्दै सर्वाधिक ५३ रन जोडेका हुन्।

त्यसैगरी कप्तान रोहित पौडेलले ३३, कुशल भुर्तेलले २५ तथा कुशल मल्लले ११ रन बनाए । त्यसबाहेक अन्य खेलाडीले दोहोरो अङ्कमा रन बनाउन सकेनन् । मेलबर्न स्टार्स एकेडेमीका लागि अस्टिन अन्लेजार्क र डग वारेनले समान दुई/दुई विकेट लिए।

त्यसअघि टस जितेर पहिले ब्याटिङ गरेको मेलबर्नले निर्धारित २० ओभरमा सात विकेट गुमाएर १७५ रन बनाएको थियो । मेलबर्नका लागि ब्लेक म्याकडोनाल्डले सर्वाधिक ७४ रन बनाए । त्यसैगरी थोमस रोजर्सले ६५ रन बनाए।

नेपालका लागि सन्दीप लामिछानेले तीन विकेट लिए भने सोमपाल कामी र शाहब आलमले समान एक/एक विकेट लिए।रासस

# गाजामा युद्धका कारण इजरायलमा बढ्दो निराशा राष्ट्रव्यापी प्रदर्शनमा विस्फोट




एपी

जेरुसेलम ।गाजामा बाँकी रहेका बन्धकहरूको रिहाइको माग गर्दै आइतबार इजरायलमा हालसम्मकै सबैभन्दा ठूलो प्रदर्शन भएको छ। आयोजकहरूले सयौं हजारले भाग लिएको दाबी गरेका छन्।

प्रदर्शनकारीहरूले सडक, चोक, सैन्य मुख्यालय र नेताहरूको घर अगाडि अवरोध गरेका थिए। प्रहरीले ३८ जनालाई पक्राउ गरेको बताइएको छ।

प्रदर्शनकारीहरूले गाजाबाट आएका कुपोषणग्रस्त बालबालिकाका तस्बिरहरू देखाउँदै युद्धले आम नागरिकलाई पारिरहेको पीडाबारे आक्रोश पोखेका थिए । अहिले गाजामा दुई सय ५० भन्दा बढी मानिस भोकमरी वा कुपोषणका कारण मृत्यु भएको छ।

गाजामा बाँकी ५० बन्धकमध्ये करिब २० जना मात्र जीवित रहेको विश्वास छ। बन्धकका परिवारहरूले सरकार र हमास दुवैलाई दोष दिएका छन्।

पूर्व सैनिक र गुप्तचर अधिकारीहरूले पनि युद्ध अन्त्य गर्न सम्झौताको आवश्यकता औंल्याएका छन्। तर प्रधानमन्त्री बेन्जामिन नेतान्याहुले 'हमासलाई पराजित नगरेसम्म युद्ध रोक्ने आह्वानले बन्धक मुक्तिलाई ढिलाइ गर्छ र अर्को आक्रमण सुनिश्चित गर्छ' भन्दै सम्झौतामा आपत्ति जनाइरहनुभएको छ।

यसअघि केही बन्धक मुक्त गर्ने युद्धविराममा सहमति भएपछि नेतान्याहुको सरकार ढाल्ने धम्की आएको थियो। अर्थमन्त्री बेजलेल स्मोट्रिचले प्रदर्शनलाई 'हमासको हातमा खेल्ने अभियान' भन्नुभएको छ।

यसैबीच, इजरायली सेनाले गाजामा कम्तीमा १७ जना सहायता खोज्ने नागरिकलाई मारेको अस्पतालहरूले बताएका छन्। उनीहरू संयुक्त राष्ट्रसङ्घका ट्रकको पर्खाइमा थिए । प्रत्यक्षदर्शीहरूले सेनाले भीडतर्फ गोली चलाएको बताएका छन् । मध्य गाजाको बुरेज शिविरमा आक्रमण हुँदा थप तीन जना मारिएको खबर आएको छ।

गाजाको स्वास्थ्य मन्त्रालयका अनुसार युद्ध सुरु भएदेखि ६१ हजार नौ सयभन्दा बढी मानिसको मृत्यु भइसकेको छ । तीमध्ये आधा महिला र बालबालिका छन्।

आइतबार मात्रै कुपोषणका कारण दुई बालबालिका र पाँच वयस्कको मृत्यु भएको मन्त्रालयले जनाएको छ। संयुक्त राष्ट्रसङ्घले गाजामा भोकमरी सबैभन्दा उच्च स्तरमा पुगेको चेतावनी दिएको छ।

अब इजरायली सेना गाजा सहर, मुवासी र अन्य भीडभाड क्षेत्रहरूमा नयाँ आक्रमण गर्न तयारीमा रहेको बताइएको छ । सेनाले मानिसहरूलाई दक्षिणतर्फ सार्ने योजना बनाए पनि 'सुरक्षित क्षेत्र' भनिएका ठाउँहरूमा पनि बम प्रहार भएको छ। धेरै प्यालेस्टिनीले 'गाजामा कतै सुरक्षित नभएको' भन्दै आफ्नो स्थान नछोड्ने अडान लिएका छन्।

यसैबीच, इजरायलले यमनमा इरान समर्थित हुथी विद्रोहीमाथि हवाई आक्रमण गरेको छ। आक्रमणमा राजधानी सानाको पावर प्लान्ट क्षतिग्रस्त भएको छ।

# म्यान्माको जुन्ताले डिसेम्बर २८ मा चुनाव गर्ने घोषणा

एएफपी


याङ्गुन । म्यान्माको सैनिक सरकार (जुन्ता) ले लामो समयदेखि वाचा गरिएको चुनाव यस वर्ष डिसेम्बर २८ मा सुरु हुने घोषणा गरेको छ। तर देश गहिरो गृहयुद्धमा डुबिरहेको अवस्थामा यो चुनावलाई धेरैले केवल 'छल' का रूपमा हेरेका छन्।

सन् २०२१ मा आङ सान सुकीको सरकारलाई सेनाले अपदस्थ गरेपछि सुरु भएको द्वन्द्वले देशका ठूलो भागलाई सैन्य नियन्त्रणबाट बाहिर धकेलेको छ। अहिले प्रजातन्त्र समर्थक समूह र जातीय सशस्त्र सङ्गठनहरूले आफ्ना इलाकामा चुनाव हुन नदिने घोषणा गरिसकेका छन्।

विश्लेषकहरूका अनुसार यो चुनावको उद्देश्य चाहे राष्ट्रपतिका रूपमा, सेनाध्यक्षका रूपमा वा नयाँ सिर्जित पदमार्फत जुन्ता प्रमुख मिन आङ ह्लाइङलाई निरन्तर सत्तामा राख्नु हो।

राखाइन निवासी निवासीले भने, "यो चुनाव केवल सैनिक शासकलाई शक्ति दिने बहाना हो । जनताका लागि यसको अर्थ छैन ।" गृहयुद्धका कारण हजारौं मानिसको ज्यान गइसकेको छ, आधाभन्दा बढी जनसङ्ख्या गरिबीमा धकेलिएको छ र ३५ लाखभन्दा बढी विस्थापित भएका छन्।

जुन्ताले भने चुनावलाई शान्ति फर्काउने उपायको रूपमा प्रस्तुत गर्दै विपक्षी लडाकूहरूलाई



हतियार बिसाए बापत नगद पुरस्कार दिने योजना अघि सारेको छ।

यद्यपि सुकी अझै जेलमै हुनुहुन्छ र उहाँका अधिकांश समर्थक सांसदहरूले चुनाव बहिष्कार गरेका छन् । संयुक्त राष्ट्रसङ्घका एक विज्ञ विशेषज्ञले यसलाई 'सैन्य शासनलाई नयाँ रूपमा प्रस्तुत गर्ने धोखाधडी' भनेका छन्।

केन्द्रीय निर्वाचन आयोगले पहिलो चरणमा २८ डिसेम्बरमा 'बहुदलीय लोकतान्त्रिक आम चुनाव' हुने र बाँकी चरणको मिति पछि घोषणा गरिने जानकारी दिएको छ।

तर द्वन्द्व पर्यवेक्षकहरूले चुनाव हिंसात्मक हुने चेतावनी दिएका छन्। गत महिना जुन्ताले नयाँ कानून ल्याएर चुनावको आलोचना गर्ने वा विरोध प्रदर्शन गर्ने व्यक्तिलाई १० वर्षसम्म कैद सजायको व्यवस्था गरेको छ । मतदान केन्द्रमा क्षति पुऱ्याउने वा मतदातालाई धम्क्याउने काम गरे २० वर्षसम्म जेल सजाय हुने प्रावधान गरिएको छ।

मिन आङ ह्लाइङ अहिले कार्यवाहक राष्ट्रपति र सेनाप्रमुख दुवै पदमा हुनुहुन्छ । विश्लेषकहरूका अनुसार चुनावले विपक्षी गुटलाई विभाजित गर्न सक्छ, किनकि उनीहरू भाग लिने कि बहिष्कार गर्ने भन्ने दोधारमा छन्।

गत वर्षदेखि संयुक्त रूपमा लडिरहेका विद्रोहीहरूले धेरै क्षेत्रमा विजय हासिल गरे पनि हालै जुन्ताले अनिवार्य भर्ती, हवाई आक्रमण र हजारौं नयाँ सैनिक परिचालन गरेर केही भू-भाग पुनः नियन्त्रणमा लिएको छ।

चुनावको तयारीका लागि गरिएको जनगणनामा पनि पाँच करोड १० लाख जनसङ्ख्याबाट एक करोड ९० लाखको तथ्याङ्क सङ्कलन हुनै सकेन । अधिकारीहरूले यसको कारण 'सुरक्षा अवरोध' भएको बताएका छन्। यसले गृहयुद्धबीच हुने चुनाव कति सीमित हुनेछ भन्ने देखाउँछ।

# जेलेन्स्कीले चाहेमा युद्ध अन्त्य गर्न सक्नुहुन्छ : ट्रम्प

एएनआई

वासिङ्टन। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले युक्रेनी राष्ट्रपति भोलोदिमर जेलेन्स्कीले चाहेमा युद्ध तुरुन्तै अन्त्य गर्नसक्ने वा लड्न जारी राख्नसक्ने बताउनुभएको छ। आफ्ना युक्रेनी समकक्षी जेलेन्स्कीलाई भेट्नुअघि ट्रम्पले सो कुरा बताउनुभएको हो।

ट्रम्पले सन् २०१४ मा ओबामा प्रशासनका समयमा भएको क्रिमियाको विलय सम्झाउँदै युक्रेनलाई नाटोमा प्रवेश नगर्ने विषयमा पुनः जोड दिएको थियो।

अमेरिकी विदेशमन्त्री मार्को रुबियोले भन्नुभयो, "राष्ट्रपतिले अलास्काबाट फर्कने क्रममा मध्यरातमा नै जेलेन्स्की र युरोपेली नेताहरूसँग फोनमा लामो छलफल गर्नुभयो। दुवै पक्ष सहमत हुने उपाय खोज्न कठिन भइरहेको छ, तर हामी निरन्तर संलग्न छौं।"

रुबियोले रुसका मागहरू स्वीकार्य नभएको स्पष्ट गर्दै भन्नुभयो, "हामी युक्रेनलाई दबाब दिँदैनौं। रुसले अस्वीकार्य माग गरिरहेको छ र युक्रेनीहरूले



दिनुभयो। उहाँले आफ्नै सामाजिक सञ्जाल ट्रुथ सोसलमा लेख्नुभयो, "क्रिमिया फर्किने छैन, युक्रेन नाटोमा पनि प्रवेश गर्ने छैन, केही कुराहरू कहिल्यै परिवर्तन हुँदैनन्।"

"शान्ति स्थायी हुनुपर्छ, अस्थायी सम्झौता होइन", जेलेन्स्कीले वासिङ्टन आइपुगेपछि क्रिमिया वा डोनबासजस्ता क्षेत्रहरू गुमाउन बाध्य पारिएको विगतलाई स्मरण गर्दै भन्नुभयो, "अब हामी कुनै पनि भूमि त्याग्दैनौं। युक्रेनीहरू आफ्नो स्वतन्त्रता र भूमिका लागि लडिरहेका छन्। हाम्रो सेना डोनेट्स्क र सुमीमा सफल भएको छ।"

उहाँले अमेरिकाप्रति र साझेदारहरूप्रति आभार व्यक्त गर्दै 'युक्रेनको रक्षा प्रभावकारी रूपमा सुनिश्चित गर्ने' विश्वास व्यक्त गर्नुभयो।

ट्रम्प-जेलेन्स्कीको भेट हालै अलास्कामा रुसी राष्ट्रपति भ्लादिमिर पुटिनसँग ट्रम्पको उच्चस्तरीय वार्तापछि हुँदैछ। तीन घण्टा लामो उक्त वार्तापछि ट्रम्पले 'रुस-युक्रेन युद्ध अन्त्य गर्ने सबैभन्दा राम्रो बाटो सीधा शान्ति सम्झौता हो, केवल युद्धविराम होइन' भन्नुभएको छोड्न नसक्ने कुराहरूमा अडान लिएका छन्।"

फ्रान्स, जर्मनी, बेलायत, इटाली र फिनल्यान्डका नेताहरू पनि वासिङ्टन बैठकमा सहभागी हुनेछन्। युरोपेली आयोगकी अध्यक्ष उर्सुला भोन डेर लेयन र नाटो महासचिव मार्क रुट पनि उपस्थित हुनुहुनेछ।

फ्रान्सेली राष्ट्रपति इमानुएल म्याक्रोनले 'युक्रेनको चासो र युरोपको सुरक्षालाई संरक्षण गर्ने स्थायी शान्ति' को आवश्यकता औंल्याउनुभयो।

जर्मन चान्सलर फ्रेडरिक मेर्जले पनि छिटो शान्ति सम्झौतामा चासो व्यक्त गर्नुभएको छ। बेलायती प्रधानमन्त्री किर स्टार्मरले जेलेन्स्कीको 'न्यायपूर्ण र स्थायी शान्तिको चाहना' को प्रशंसा गर्दै बैठकमा सहभागी हुने बताउनुभयो।

यसअघि, ट्रम्पका दूत स्टिभ विटकफले पुटिनले अमेरिकी सुरक्षा ग्यारेन्टी दिन सहमति जनाएको र सम्भावित शान्ति सम्झौतामा 'भूमि विनिमय' मा छुट दिनुभएको सङ्केत गरेको बताउनुभएको थियो। तर मस्कोले यसबारे कुनै औपचारिक घोषणा गरेको छैन।

# अमेरिकी विदेशमन्त्री रुबियोद्वारा चीनमाथि ढिलाइ हुनुको कारण स्पष्ट

एएनआई

न्युयोर्क । अमेरिकी विदेशमन्त्री मार्को रुबियोले चीनजस्ता मुलुकमाथि प्रत्यक्ष प्रतिबन्ध लगाउँदा विश्वव्यापी तेल बजारमै ठूलो प्रभाव पर्न सक्ने भएकाले अमेरिकाले तत्कालै कडा कदम चाल्न नसक्ने बताउनुभएको छ।

उहाँको टिप्पणी अमेरिकाले हालै भारतको निर्यातमा ५० प्रतिशत कर लगाउने निर्णयपछि आएको हो। यसमा मस्कोसँगको नयाँदिल्लीको तेल व्यापारका लागि २५ प्रतिशत जरिवाना भन्सार शुल्क समावेश छ।

रुबियोले भन्नुभयो, "यदि चीनमाथि प्रत्यक्ष प्रतिबन्ध लगाइयो भने त्यो तेल फेरि चीनमै परिष्कृत भएर अन्तर्राष्ट्रिय बजारमा पुग्छ, जसले सम्पूर्ण विश्वलाई असर गर्नेछ।"

रुसी तेल खरिद रोक्न युरोपलाई पनि प्रतिबन्ध लगाउने विषयबारे सोधिएको प्रश्नमा उहाँले भन्नुभयो, "युरोपले अझै पनि प्राकृतिक ग्यास किनिरहेको छ। केही देशले यसलाई हटाउने प्रयास गरिरहेका छन्, तर अझ धेरै गर्न सकिन्छ। निकट भविष्यमा थप प्रतिबन्ध प्याकेज आउन सक्छ।"

अमेरिकी सिनेटमा आएको प्रस्तावअनुसार



चीन र भारत दुवैलाई रूसी तेल किनेकै आधारमा सय प्रतिशत कर लगाउन सकिने उल्लेख थियो । तर रुबियोका अनुसार, धेरै युरोपेली देशले यसबाट हुने असरबारे चिन्ता व्यक्त गरेका छन् । यसैबीच, राष्ट्रपति डोनाल्ड ट्रम्पले चीनका लागि तोकिएको करको समयसीमा बढाउनुभएको थियो । भारतपछि रुसबाट तेल किन्ने सबैभन्दा ठूलो मुलुक चीन हो।

ट्रम्पले फक्स न्युजसँग भन्नुभएको थियो "आज भएको घटनाक्रमका कारण मलाई अहिले नै करबारे सोच्नुपर्छ जस्तो लाग्दैन।" उहाँले रुसी राष्ट्रपति भ्लादिमिर पुटिनसँगको आफ्नो भेटलाई 'धेरै राम्रो' भएको बताउनुभएको थियो।

रुबियोका अनुसार अमेरिका प्रतिबन्धका मामिलामा युरोपसँग मनमुटाव गर्न चाहँदैन। बरु, युरोपले रचनात्मक भूमिका खेल्न सक्ने उहाँको विश्वास छ।

ट्रम्पले यसअघि भारतमाथि लगाइएको भन्सार शुल्कले मस्कोलाई वासिङ्टनसँग भेट गर्न दबाब दिएको बताउनुभएको थियो।

उहाँका अनुसार जब अमेरिकाले भारतलाई 'रुसबाट तेल किनिरहेमा भन्सार शुल्क तिर्नुपर्छ' भनेर चेतावनी दियो, यसले भारतलाई खरिद रोक्न बाध्य तुल्यायो।

ट्रम्पले भन्नुभयो, "भारत दोस्रो ठूलो ग्राहक थियो। चीन पहिलो हो। जब रुसले यी दुवै ग्राहक गुमाउने जोखिम देख्यो, तब पुटिन वार्तामा आउन चाहनुहुन्थ्यो। यसले निश्चित रूपमा प्रभाव पारेको हो।"

# अलैँचीको भाउ सात वर्ष यताकै उच्च



झापा । 'खोल्साको सुन' भनेर चिनिने पूर्वी पहाडको नगदे बाली अलैँचीले उत्पादनको सुरुआती 'सिजन'मा नै उच्च भाउ पाएको छ।

अलैँचीको खरिद बिक्री हुने नेपालकै ठूलो बजार विर्तामोडमा आज प्रतिमन (४० केजी) रु ९४ हजारमा कारोबार भएको नेपाल अलैँची व्यवसायी महासङ्घका कार्यकारी निर्देशक अनिल ढुङ्गानाले बताउनुभयो । "यो निकै राम्रो भाउ हो," उहाँले भन्नुभयो, "गत वर्ष अहिलेकै सिजनमा अलैँचीको कारोबार प्रतिमन रु ४० हजारसम्ममा भएको थियो।" अलैँचीको यो भाउ विगत सात वर्षकै उच्च मानिएको छ।

विसं २०७५ को अहिलेको सिजनमा अलैँचीको प्रतिमन मूल्य रु एक लाख पाँच हजारसम्म पुगेको थियो। सोही सालको मङ्सिरमा मूल्य अझ बढेर प्रतिमन रु एक लाख सात हजार पुगेको थियो। २०६७ सालमा प्रतिमन अलैँची रु एक लाख २० हजारसम्ममा कारोबार भएको थियो। त्यसभन्दा बढी मूल्यका अलैँचीको कारोबार कहिल्यै भएको छैन।

भदौ-असोजतिर भाउ धेरै हुनु भनेको मङ्सिर-पुसतिर अझै बढ्न सक्ने सङ्केत भएको उहाँको भनाइ छ। अहिले बढेको भाउले अलैँची उत्पादन गर्दै आएका किसान प्रत्यक्ष लाभान्वित हुने भएका छन्। किसानले बेच्ने बेलामा अलैँचीको भाउ उच्च हुँदा किसान उत्साही भएका हुन् । किसानबाट यतिबेला किनेको अलैँची भण्डारण गरेर व्यापारीहरूले मङ्सिर-पुसतिर भाउ आकासिएपछि बेचेर धेरै मुनाफा कमाउने गरेका छन्।

"एक मन अलैँची उत्पादन गर्न किसानले अधिकतम रु २० हजारसम्म लगानी गरेका हुन्छन्," महासङ्घका कार्यकारी निर्देशक ढुङ्गाना भन्नुहुन्छ, "आफूले बेच्ने बेलामा भाउ धेरै पाएर किसान धेरै खुसी भएका छन् । यसपालि अलैँचीको भाउ अझै धेरै बढेर जाने सम्भावना देखिन्छ।"

नेपालका ४२ जिल्लामा अलैँचीखेती हुने गरे पनि कोशी प्रदेशका पाँचथर, ताप्लेजुङ, इलाम, सङ्खुवासभा, खोटाङ, भोजपुर र तेह्रथुम जिल्लामा धेरै उत्पादन हुने गरेको छ। कोशी प्रदेशमा सात हजार ५०० हेक्टरभन्दा बढी क्षेत्रफलमा अलैँची खेती हुँदै आएको छ। रासस

# ऐतिहासिक 'चुनवाङ शान्ति संग्रहालय' का चित्र, मूर्ति बन्दै

काठमाण्डु । सशस्त्र द्वन्द्वलाई शान्तिपूर्ण राजनीतिमा रूपान्तरण गर्ने निर्णय गरेको तत्कालीन नेपाल कम्युनिष्ट पार्टी (माओवादी) को केन्द्रीय समिति बैठक बसेको ऐतिहासिक स्थानमा बन्दै गरेको 'चुनवाङ शान्ति सङ्ग्रहालय' का लागि काठमाडौँमा कला सिर्जना धमाधम भइरहेको छ।



चित्रकला करिब-करिब तयार भएका छन् भने मूर्तिकला निर्माणाधीन रहेका छन्। त्यहाँ राख्नका लागि नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानसँग ३० देखि ३५ सम्म चित्रकला र ४० भन्दा बढी मूर्तिकला निर्माणका लागि भएको सम्झौताअनुसार अहिले काठमाडौँमा कला सिर्जनाको काम जारी छ। सोही क्षेत्रका प्रतिनिधिसभा सदस्य तथा लुम्बिनी प्रदेशका पूर्वप्रमुख पूर्णबहादुर घर्तीले चुनवाङस्थित बैठक बसेको घर र माओवादी अध्यक्ष बसेको घर संरक्षण गरी सोही ऐतिहासिक निर्णय भएको स्थानलाई शान्ति सङ्ग्रहालय बनाउने गरी काम भइरहेको बताउनुभयो।

त्यसका लागि सशत्र द्वन्द्वका बेला भएका घटनाक्रम, बैठक, त्यसबेलाका माओवादीका गतिविधि समेट्ने गरी चित्र र मूर्ति निर्माण भइरहेको उहाँले बताउनुभयो। एक हजारभन्दा बढी तत्कालीन अवस्थाका तस्बिरसमेत उक्त सङ्ग्रहालयमा रहने छन् । छुट्टै नयाँ भवन बनिरहेको छ।

विसं २०६२ असोजमा रुकुमपूर्व (हालको भूमे गाउँपालिका वडा नम्बर ९ चुनवाङमा बसेको तत्कालीन नेपाल कम्युनिष्ट पार्टी (माओवादी) को केन्द्रीय समिति बैठकले मुलुकमा लोकतान्त्रिक गणतन्त्र स्थापना गर्न संसदीय राजनीतिक शक्तिसँग सहकार्य गर्ने निर्णय गरेको थियो।

त्यसैको जगमा तत्कालीन संसदीय राजनीतिक दल र माओवादीबीच दिल्लीमा १२ बुँदे समझदारी भएको थियो। तत्कालीन राजा ज्ञानेन्द्रले शासन सत्ता हातमा लिएपछि संसदीय राजीतिक दल रुष्ट रहेका बेला त्यसैलाई उपयोग गर्ने गरी माओवादीको उक्त बैठक बसेको सोही क्षेत्रका प्रतिनिधिसभा सदस्य तथा लुम्बिनी प्रदेशका पूर्वप्रमुख घर्ती बताउनुहुन्छ।

घर्ती उक्त बैठककमा सूचना संकलन तथा बैठकका विषय टिपोर्ट गर्ने जिम्मेवारीमा रहनुभएको थियो । त्यसैले सङ्ग्रहालय स्थापनाका लागि उहाँ सक्रिय भइरहनुभएको छ।

उहाँले हालैमात्र सङ्ग्रहालयका लागि निर्मित चित्रकला तथा मूर्तिकला अवलोकन गर्नुभएको छ । उहाँले अवलोकनपछि भन्नुभयो, "त्यो बेलाका दृष्य जस्तो हुन्थ्यो, त्यस्तै चित्र, मूर्ति सिर्जना होस् भन्ने चाहना हाम्रो छ, कुनै बढाइचढाइ गर्नुपर्ने जरुरी छैन, हेर्दा जस्ताको तस्तै देखियोस् ।" चित्र अवलोकन पछि आवश्यक परिमार्जनका लागि उहाँले कलाकारहरुलाई सुझाव दिनुभएको छ।

त्यही चुनवाङ बैठकले लिएको निर्णयले दुई राजनीतिक शक्ति एक ठाउँमा उभिएका र त्यसैको बलमा २०६२/२०६३ मा जनआन्दोलन भयो। त्यसपछि माओवादी शान्ति प्रक्रियामा आएको थियो।

"अहिलेसम्म जेजे उपलब्धि भए, संविधान जारी भयो, संघीय राज्य स्थापना भयो, समावेशी र समाजवाद उन्मुख संविधानको जग त्यही थियो र अहिले महिला, आदिवासी जनजाति दलित उत्पिडित वर्षहरुका लागि भएको ऐतिहासिक निर्णयको जग त्यही थियो", घर्तीले भन्नुभयो।

लुम्बिनी प्रदेश सरकारले २०६९ सालमै चुनवाङ शान्ति संग्रहालय विकास समिति गठन आदेश जारी गरिसकेको छ। सोही आधारमा यहाँ बैठकस्थलको पुरानो भवन संरक्षण गरिएको छ भने नयाँ भवन बनिरहेको छ।

सरकार पक्ष र माओवादी पक्ष कसैको पनि जित हुने अवस्था नदेखिएको र तत्कालीन संसदीय शक्ति राजाबाट बिच्किएपछि यो संक्रमणकाललाई सदुपयोग गर्नुपर्छ भनेर नै चुनवाङ बैठकले ऐतिहासिक निर्णय गरेको उहाँले सम्झनुभयो।

उक्त शान्ति संग्रहालयमा राख्ने गरी कलाकारले माओवादीले हतियार बोकेर गाउँगाउँ हिँडेका, उनीहरुले सांस्कृतिक कार्यक्रम देखाएका र दोहोरो भीडन्त भएका, गाउँ समाजमा माओवादी लडाकुहरु घुम्दाका अवस्था तथा चुनवाङ बैठककै गतिविधिसमेत कलामा उतारेका छन्।

नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानको मूर्तिकला विभाग प्रमुख तथा प्राज्ञ परिषद् सदस्य दिनेश्वर महतो त्यो ऐतिहासिकस्थललाई विश्व सामु नै चिनाउनुपर्छ भनेर स्थापना हुन लागेको शान्ति सङ्ग्रहालयमा प्रतिष्ठान जोडिन पाएकामा खुसी व्यक्त गर्नुभयो । उहाँले कलाकारलाई स्थलगत रुपमै लगेर पनि कला सिर्जना गराउने सोच रहेको सुनाउनुभयो।

प्रतिषठनका सदस्य सचिव देवेन्द्रकुमार काफ्ले थुम्केलीले देशका धेरै पालिकामा यस्ता संग्रहालय बन्ने क्रममा रहेको तर यो चुनवाङ सङ्ग्रहालय भने विशिष्ट पहिचान बोकेको बताउनुभयो । भूमे गाउँपालिकासँग सम्झौता भएर काम गर्न पाउनु प्रतिष्ठानका लागि महत्वपूर्ण भएको उहाँले बताउनुभयो । यसले आगामी दिनमा अन्तरराष्ट्रिय रुप लिने उहाँले विश्वास गर्नुभयो।

विशेष गरी उक्त बैठकले राजनीतिक फौजी गरी कार्यदिशा पास गरेको थियो । एउटा संविधानसभा र लोकतान्त्रिक गणतन्त्रको नाराका आधारमा मिल्न सकिने जति शक्तिसँग मिलेर राजतन्त्र विरोधी आन्दोलनलाई व्यापक र सशक्त बनाउने थियो। रासस

# रावण पार्क निर्माण अन्तिम चरणमा

बेनी । ऋषिहरूले तपस्या गरेको पवित्र तीर्थस्थलको रूपमा परिचित म्याग्दीको पुलस्त्य पुलहाश्रम क्षेत्रमा धार्मिक पर्यटन पूर्वाधार थपिँदै गएको छ । बेनी नगरपालिका-५ पछैमा अवस्थित पुलहाश्रममा रहेको मन्दिर परिसरमा प्रतिक्षालय, प्रवेशद्वार, पदमार्ग, घेरावार लगायतका पूर्वाधार निर्माण भएका छन्।



पौराणिक ऋषि पुलत्स्य र पुलह ऋषिले तपस्या गरेको पवित्र तपोभूमि भएकाले यस क्षेत्रमा धार्मिक पर्यटन विकासका लागि पर्यटन पूर्वाधार निर्माणलाई जोड दिइएको छ। श्रीमद्‌भागवत महापुराणको पञ्चमस्कन्ध आठौँ अध्यायमा यस क्षेत्रमा पुलस्त्य र पुलह ऋषिले तपस्या गरेको उल्लेख छ।

पछैमा रहेको हवनकुण्डमा हवन गरेर शेष रहेको चरु अझै पाइने भएकाले पुलस्त्य र पुलह ऋषिले पहिलो पटक होम गरेको ऐतिहासिक तपोभूमिको रूपमा यस क्षेत्रको महत्व रहेको पण्डित भीमनाथ पराजुलीले बताउनुभयो। पुलहाश्रमसँगै यस क्षेत्रमा अन्य ओझेलमा परेका र पत्ता लगाउन नसकिएका थुप्रै तीर्थस्थल रहेकाले यसको अन्वेषण गरी महत्व र महिमालाई बाहिर ल्याउनुपर्ने उहाँको भनाइ रहेको छ।

पछैमा रहेको हवन कुण्डमा रहेको चरुलाई हावाले नष्ट नगरोस् भन्ने उद्देश्यले ऋषिहरूले विशाल शिलाले त्यसलाई सुरक्षित गरेको किम्बदन्ती रहेको पुलस्त्य पुलहाश्रम क्षेत्र विकास समितिका उपाध्यक्ष तेजप्रकाश बानियाँले बताउनुभयो । उहाँका अनुसार धार्मिक, ऐतिहासिक महत्व बोकेको र प्राकृतिक रूपमा मनोरम ठाउँ भएकाले यस क्षेत्रमा पूर्वाधार निर्माण र प्रचार प्रसारमार्फत पर्यटन विकासमा जोड दिइएको छ । ऐतिहासिक महत्व बोकेको पुलहाश्रम क्षेत्रको धार्मिक पर्यटन विकासका लागि पूर्वाधार निर्माणले तीव्रता पाएको छ । पछिल्लो पटक पछैमा मन्दिर पुनर्निर्माण पश्चात प्रवेशद्वार, मौलिक पदमार्ग, घेरावार, प्रतिक्षालयलगायत भौतिक संरचना निर्माण गरिएको छ।

समुन्द्री सतहबाट एक हजार सात सय मिटरको उचाइमा अवस्थित यस क्षेत्रलाई नयाँ पर्यटकीय गन्तव्यको रूपमा विकास गर्न नेपालमै पहिलो 'रावण पार्क' निर्माण गरिएको छ। पुलहाश्रममा तपस्या गरेका पुलस्त्य ऋषिका नाती रावणको जन्म यसै ठाउँमा भएको किम्बदन्तीको आधारमा बेनी नगरपालिकाले रावणको मूर्ति राखेर पार्क निर्माण गरेको हो। चार रोपनी क्षेत्रफलमा निर्माण भएको पार्क घेराबार, प्रवेशद्वार, पदमार्ग निर्माण र दुवो रोपेर संरचना तयार गरिएको छ भने ढलोट धातुको २१ फिट अग्लो रावणको मूर्तिमा १० वटा टाउको जोड्ने र मूर्तिमा जनै राख्ने लगायतका काम बाँकी रहेको छ।

रावणको नाभी गाढेको ढुङ्गा, रावण खेलेको मैदान लगायतका किम्बदन्तीको आधारमा विसं २०७८ असोज १७ गते ठेक्का सम्झौता गरी सुरू भएको रावण पार्क निर्माण योजना ठेकेदारको ढिलासुस्ती र अदालतमा मुद्दा परेर अलपत्र बनेको अवस्थामा नगरपालिकाको पहलमा योजनालाई अघि बढाएर अन्तिम चरणमा पुगेको नगरप्रमुख सुरत केसीले बताउनुभयो।

"अघिल्लो कार्यकालको कार्यपालिकाले अघि बढाएको रावण पार्क बनाउने योजना अलपत्र परेको थियो, हामीले निर्माण कम्पनीलाई ताकेता गरेर योजनालाई अघि बढाएका थियौं, अहिले पार्कमा रावणको मूर्ति राख्ने र पूर्वाधार बनाउने काम अन्तिम चरणमा पुगेको छ", केसीले भन्नुभयो।

प्राकृतिक दृश्यावलोकन स्थलको रूपमा रहेको पुलहाश्रममा निर्माण भएको रावण पार्कले नेपालका साथै दक्षिण भारतीय र श्रीलङ्काका धार्मिक पर्यटकलाई यस क्षेत्रमा भित्र्याउन भूमिका खेल्ने प्रमुख केसीको भनाइ छ । संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको ७० प्रतिशत र नगरपालिकाको ३० प्रतिशत लागत साझेदारी रहने गरी रु एक करोड ७६ लाख ७७ हजार पाँच सय ६३ मा ठेक्का सम्झौता भएको रावण पार्क निर्माण योजनामा नगरपालिकाको तर्फबाट हुनुपर्ने भुक्तानी भए पनि मन्त्रालयको तर्फबाट हुनुपर्ने लागत साझेदारीको रकम भुक्तानी हुन नसकेको नगरपालिकाले जनाएको छ।

पार्क निर्माणसम्बन्धी अदालतमा परेको मुद्दामा पार्कमा रावणसँगै राम र सीताको मूर्ति राख्न निर्देशनात्मक आदेश भएकाले नगरपालिकाले रावण पार्कको योजना सम्पन्न भएपछि राम र सिताको मुर्तीसमेत पार्कमा राख्ने जनाएको छ।

सदरमुकाम बेनीदेखि पुलाचौरसम्मको सडक कालोपत्र भइरहेको र पुलाचौरको चनौटेदेखि पुलहाश्रम सम्मको सडकलाई स्तरोन्नती गरी पर्यटकको आगमनलाई सहज बनाउने पहल थालिएको बेनी-५ का वडाध्यक्ष गोविन्द बानियाँले बताउनुभयो । प्राकृतिक रूपमा मनोरम रहेको, धार्मिक र पौराणिक महत्व बोकेको यस क्षेत्रको महत्व, महिमा र सुन्दरताको प्रचार प्रसार गर्न सकेमा पर्यटन प्रवर्द्धनमा सहयोग पुग्ने बताउनुभयो।

पुलहाश्रम क्षेत्रबाट धौलागिरी, अन्नपूर्ण, माछापुच्छ्रे, निलगिरीलगायत मनोरम हिमश्रृखलाका साथै चर्चित धार्मिकस्थल पञ्चकोट, ज्यामरुकोट, बेनीबजारसँगै कालीगण्डकी नदी र आसपासका दर्जनौं गाउँ बस्तीहरूको मनोरम दृष्य अवलोकन गर्न सकिन्छ । सदरमुकाम बेनीदेखि करिब दुई घण्टाको पैदलयात्रा तथा ३० मिनेटको सवारीसाधनको यात्रामा पुहलाश्रम सजिलै पुग्न सकिन्छ ।रासस


## (धितोमा रहेको सम्पति लिलाम बिक्री सम्बन्धी २१ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति २०८२ साल भदौ महिना ३ गते मंगलबार)

यस विकास बैंकको शाखा कार्यालय लहानबाट तपशिलमा उल्लेखित ऋणीले व्यक्तिगत आवधिक कर्जा शीर्षक अन्तर्गत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै-दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले सम्पूर्ण कर्जा चुक्ता गर्न आउनु हुन भनी बैंकबाट विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरिएता पनि कर्जा चुक्ता भुक्तान गर्न तर्फ कुनै पहल नगरी आलटाल गरेकोले बैंकको कर्जा असुलीको लागि तपशिलमा उल्लेखित धितो (सम्पत्ति) जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्र प्रक्रियाद्धारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने भएकोले धितो लिलाम बिक्री सम्बन्धी यो २१ (एक्काइस) दिने सूचना प्रकाशित गरिएको छ। उक्त मिति भित्र नतिरे नबुझाएमा प्रचलित कानुन अनुसार सूचना प्रकाशित भएको मितिले २२ औं दिन यस बैंकलाई लेखिदिएको धितो सुरक्षणमा रहेको तपशिलमा उल्लेखित सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरिने हुँदा इच्छुक महानुभावहरुले देहाय बमोजिमको शर्त तथा बन्देजहरुको अधिनमा रहने गरी यो सूचना प्रकाशित भएको मितिले २१ औ दिनको कार्यालय समय भित्र यस बैंकको शाखा कार्यालयहरुमा गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन सूचित गरिन्छ।

**तपशिल**

**ऋणीको विवरण**

मोहन चौधरीको नाति बंशिलाल चौधरीको छोरा सिराहा जिल्ला सुखीपुर वडा नं. ४ हाल, सुखीपुर न.पा. वडा नं. ८ बस्ने **श्री नारायण चौधरी** (ना.प्र.नं. : ६४०-२३३/७४९ जारी मिति र जिल्ला : २०४६/०२/२५, सिराहा)

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

१) मोहन चौधरीको छोरी बंशिलाल चौधरीको बुहारी श्री नारायण चौधरीको पत्नी सिराहा जिल्ला सुखीपुर गा.वि.स. वडा नं. ४ हाल, सुखीपुर न.पा. वडा नं. ८ बस्ने **भालसैर चौधरी थरुनी** (ना.प्र.नं. : १५-०१-७१-०४१४२ जारी मिति र जिल्ला : २०७१/०६/०६, सिराहा)

२) मोहन चौधरीको नाति बंशिलाल चौधरीको छोरा सिराहा जिल्ला सुखीपुर वडा नं. ४ हाल, सुखीपुर न.पा. वडा नं. ८ बस्ने **सत्यनारायण चौधरी थारु** (ना.प्र.नं : २३३/७४९ जारी मिति र जिल्ला : २०४४/१०/२७, सिराहा)

३) लक्ष्मण चौधरीको छोरी बंशिलाल चौधरीको बुहारी सत्यनारायण चौधरी थारुको पत्नी सिराहा जिल्ला सुखीपुर गा.वि.स. वडा नं. ४ हाल, सुखीपुर न.पा. वडा नं. ८ बस्ने मिना **देवी चौधरी थरुनी** (ना.प्र.नं : १५-०१-७०-०७०२९ जारी मिति र जिल्ला : २०७०/०२/०९, सिराहा)

४) मोहन चौधरीको नाति बंशिलाल चौधरीको छोरा सिराहा जिल्ला सुखीपुर गा.वि.स. वडा नं. ४ हाल, सुखीपुर न.पा. वडा नं. ८ बस्ने **देवनारायण चौधरी** (ना.प्र.नं : ९०८३-८६२-२१४ जारी मिति र जिल्ला : २०३९/०६/२०, सिरहा)

५) बंशिलाल चौधरीको बुहारी देवनारायण चौधरीको पत्नी सिराहा जिल्ला सुखीपुर वडा नं. ४ हाल, सुखीपुर न.पा. वडा नं. ८ बस्ने **बैर्सि देवी चौधरी** ( ना.प्र.नं : ९०८३३६५५ जारी मिति र जिल्ला : २०४६/०५/२१, सिराहा)

६) बिसन चौधरीको नाति मोहन चौधरीको छोरा सिराहा जिल्ला सुखीपुर वडा नं. ४ हाल, सुखीपुर न.पा. वडा नं. ८ बस्ने **बंशिलाल चौधरी** (ना.प्र.नं : ९०८३७४९ जारी मिति र जिल्ला : २०३९/०१/०६, सिराहा)

७) बंशिलाल चौधरीको नाति श्रीनारायण चौधरीको छोरा सिराहा जिल्ला सुखीपुर गा.वि.स. वडा नं. ४ हाल, सुखीपुर न.पा. वडा नं. ८ बस्ने **चन्दन कुमार चौधरी** (ना.प्र.नं : १५-०१-७१-०३३८६ जारी मिति र जिल्ला : २०७१/०५/०२, सिराहा)

८) बंशिलाल चौधरीको नाति देवनारायण चौधरीको छोरा सिराहा जिल्ला सुखीपुर वडा नं. ४ हाल, सुखीपुर न.पा. वडा नं. ८ बस्ने **संजिब कुमार चौधरी** (ना.प्र.नं : ९०८०४३५३ जारी मिति र जिल्ला : २०६२/०२/२७, सिराहा)

**यसअघि प्रकाशित गरिएको सार्वजानिक सूचनाको विवरण :** मिति २०८२/०१/२३ को नेपाल समाचारपत्र राष्ट्रिय दैनिक पत्रिकामा कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ दिने

**धितो सुरक्षण सम्बन्धी विवरण :** निम्न उल्लेखित घरजग्गा/जग्गा र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

| धितोधनीको नाम | धितोको ठेगाना | सिट नं. | कित्ता नं. | क्षेत्रफल (व.मि.) |
|---|---|---|---|---|
| वंशिलाल चौधरी | सिराहा जिल्ला सुखीपुर वडा नं. ४ | ४ | १५ | ९२८.२० |
| | | | ६६ | २७३.०० |

**शर्त बन्देजहरु :**

१) शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले २१ दिन अर्थात मिति २०८२/०५/२३ गते सोमबार भित्र यस बैंकको शाखा कार्यालय लहान आईपुग्ने गरि पेश गर्नुपर्ने छ।
२) बोलपत्र फारममा आफुले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्ने छ।
३) माथि उल्लेखित सम्पूर्ण धितो सुरक्षणहरु जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणका लागि बेग्ला बेग्लै वा एकमुष्ठ बोलपत्र पेश गर्न सकिनेछ।
४) बोलपत्र साथ आफुले बोलकबोल गरेको रकमको कम्तिमा १० प्रतिशत हुन आउने रकम धरौटी स्वरुप संस्थाको मुख्य कार्यालयमा रहेको खाता नं. ०१३-९२७७४१०१००५ मा बोलपत्र पेश गर्ने अन्तिम मितिसम्म जम्मा गरी सो को सक्कल भौचर वा सो बराबरको यस बैंकको नाममा खिचिएको पेश गर्ने अन्तिम मिति भित्रको Good For Payment Cheque संलग्न गर्नु पर्नेछ।
५) प्राप्त बोलपत्रहरु मिति २०८२/०५/२४ गते मंगलबार दिउसो ३:०० बजे यस बैंकको शाखा कार्यालय लहानमा उपस्थित प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ। बोलपत्र खोल्ने समयमा बोलाईएका सबै प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधि उपस्थित नरहे पनि सो कारणले बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन।
६) बोलपत्र खोलिने दिनमा सार्वजनिक विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा सोही स्थान र समयमा लिलाम कार्य हुनेछ।
७) बोलपत्र स्वीकृत भएमा धितो सुरक्षण सम्पत्ति बोलपत्रदाताको नाममा नामसारी दाखेल खारेज गर्दा लाग्ने र जिष्ट्रेशन दस्तुर, लाभ कर, कर तथा अन्य शुल्क ईत्यादि बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ।
८) बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहने छ।
९) धरौटी रकम तथा अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुने व्यहोरा समेत सूचित गरिन्छ।

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

मुक्तिनाथ विकास बैंक लि.
MUKTINATH BIKAS BANK LTD.

Winner of EUROPEAN MICROFINANCE AWARD 2020

Central Office: Lazimpat, Kathmandu, Tel.: 01-5970887, Toll Free No. (NTC): 16600149999, Toll Free No. (Ncell): 18102149999, E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np

जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ


# जडीबुटीखेती गरेर वार्षिक सातलाखसम्म आम्दानी

भोजपुर ।भोजपुरको षडानन्द नगरपालिका- १० साम्पाङका वडाध्यक्ष प्रेमदोर्ची शेर्पा व्यावसायिक जडीबुटी खेतीमा उदाहरणीय हुनुहुन्छ। उहाँले जनप्रतिनिधि भएर जनताको सेवासँगै जडीबुटीखेती गर्दै आउनु भएको छ।

थोरै समय दिएर पनि जडीबुटीको बिक्रीबाट वार्षिक रु पाँचदेखि सात लाखसम्म आम्दानी गर्दै आएको शेर्पाले बताउनुभयो।

आफ्नो बहुउद्देश्यीय जडीबुटी नर्सरी केन्द्रमा अहिले पनि ६० ड्याङमा विभिन्न जातका जडीबुटीको बिरुवा रहेको उहाँको भनाइ छ । आफ्नो घर भएको स्थान तीनतलेमा २२ वर्ष अघिबाट चिराईतो, सतुवा, लोठसल्ला, सेतक चिनी, सिमखुदोलगायतको खेती गरिरहेको वडाध्यक्ष शेर्पाले बताउनुभयो।

जनताको सेवा पश्चात बचेको समयलाई जडीबुटी खेतीमा लगाउने गरेको उहाँको भनाइ छ। "जनताको सेवाबाट बेचेको समयलाई जडीबुटी खेतीमा लगाउने गर्छु"वडाध्यक्ष शेर्पाले भन्नुभयो,"जडीबुटीबाट राम्रो आम्दानी गरिरहेको छु । गत वर्षबाट १२ मन (एक मनमा ४० केजी) चिराइतो बेचेँ । अन्यबालीको तुलनामा जडीबुटीबाट दोब्बरको हारहारीमा आम्दानी लिन सकिन्छ।"रासस


PLAN INTERNATIONAL
Until we are all equal

## Invitation to Tender

Published Date: 19 August, 2025

Plan International Nepal is an independent International development and humanitarian organization working with development partners in coordination with stakeholders to advance children's rights and equality for girls. It has been working in Nepal since 1978 and currently working in 13 districts.

**Plan International Nepal, East Regional Office, Janakpur** invites to submit sealed bids from interested Suppliers / Firms registered in the Government of Nepal for establishing a Long-Term Agreement (LTA) for the supply of the goods and service as mentioned below:

1. **Ref No: ERO 001 -025/26- Supply of Hotel Services**
2. **Ref No. ERO 002-025/26 -Vehicle Repair and Maintenance Service**
3. **Ref No: ERO 003-025/26 -Supply of Stationery Items**

**The detailed tender documents of all services can be downloaded from** https://plan-international.org/nepal/procurement-nepal

**Deadline for Submission:** Hardcopy of sealed bids should be deposited into the Tender Box separately, clearly mentioning Tender Reference No. with heading, **before 4:00 PM of 08 September, 2025** to Janakpurdham-4, Bisahara chowk, Dhanusha, Nepal, Phone: 041-590050.

***Say Yes ! To Keeping Children and Programme Participants Safe and Protected***

# सीमापार मानव-प्रलोभन रोक्न प्रहरीको सक्रियता

**टुडे समाचारदाता**



रौतहट । सामाजिक सञ्जाल टिकटकबाट चिनजान भई बिहे गर्ने प्रलोभनमा भारतसम्म पुऱ्याइएकी १५ वर्षीया किशोरीलाई पर्सा प्रहरीले सकुशल उद्धार गरेको छ । पर्सा प्रहरीले सीमापार अपराध नियन्त्रणमा देखाएको सो सक्रियता प्रशंसनीय मानिएको छ ।

पर्सा प्रहरीका एसपी गौतम मिश्रको निर्देशनमा इलाका प्रहरी कार्यालय पटेर्वा सुगौलीका इन्स्पेक्टर प्रकाश थापाको नेतृत्वमा गरिएको प्रयासले घरबाट हराएको १८ औं दिनमा किशोरीलाई सीमाक्षेत्रमा फेला पारिएको छ । प्रहरी, अभिभावक र सञ्चारकर्मीहरूको सक्रियताले सीमापार मानव तस्करीको जटिल घटनालाई सुल्झाएको उदाहरण बनेको छ ।

गत साउन १२ गते कटहरिया नगरपालिका-४ का सो किशोरीलाई २२ वर्षका युवकले ललाइफकाई मोटरसाइकलमा लगेर भारत पुर्याएको परिवारले जनाएको थियो । खोजतलास गर्ने क्रममा अभिभावकले सिसी टिभी फुटेज र टिकटकमा राखिएका फोटोमार्फत खोजी गरेपछि उनी पर्सा-पटेर्वा सुगौली गाउँपालिका-७, रघुनाथपुरसम्म पुगेको पत्ता लागेको थियो ।

तर बालिकाको अवस्था सार्वजनिक हुने बित्तिकै मुस्लिम समुदायका युवकको परिवारले उनलाई रातारात भारतको बिहार स्थित रामनगरमा आफन्तको घरमा लुकाएको अभिभावकले बताएका छन् । प्रहरीको दबाबसंगै घटनाको अनुसन्धान अघि बढेपछि हिन्दू थरकी किशोरीलाई भारतीय सीमाक्षेत्रमा छाडिएको अनुमान गरिएको छ ।

उद्धार गरिएको बालिकालाई प्रहरीले अभिभावकलाई जिम्मा लगाइएको छ ।

इन्स्पेक्टर थापाले भने, "बालिकालाई अभिभावकको जिम्मा लगाइएको छ। तर किशोरीलाई भगाउने युवक र उनका परिवारविरुद्ध थप अनुसन्धान जारी छ ।"

सामाजिक सञ्जाल टिकटकमा अब मानव प्रलोभन र अपराधका नयाँ साधन बन्दै गएको छ । किशोरी-किशोरलाई लक्षित गरी प्रेम, विवाह वा रोजगारीको प्रलोभन देखाइ सीमापार लैजाने प्रवृत्ति बढ्दो छ ।

सीमाक्षेत्रको कमजोर निगरानी र सामाजिक संरचनामा आधारित दबाबका कारण धेरै घटना उजागर नै हुँदैनन् । यस केसमा पनि प्रहरीको समयमै दबाब नपरेको भए पीडित भारततर्फ हराउने खतरा थियो ।

सञ्चारकर्मी र प्रहरीबीचको सहकार्यले यस घटनालाई समाधान गर्न ठूलो भूमिका खेलेको छ । यो अभ्यासले समुदायस्तरमा प्रहरी-सञ्चारकर्मी-अभिभावक त्रिपक्षीय सहकार्यको महत्त्व देखाउँछ ।

पर्सा प्रहरीको सक्रियताले नाबालिकाको जीवन जोगाएको मात्र नभइ सीमाक्षेत्रमा सामाजिक सञ्जाल प्रयोगमार्फत हुने अपराध नियन्त्रण गर्न सजगता बढाउने सन्देश पनि दिएको छ ।

# वर्षेनि पानीमा डुबेर करिब दुई सय पचासको मृत्यु

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशमा वर्षेनि पानीमा डुबेर मृत्यु हुने बालबालिकाको संख्या दिनप्रतिदिन बढ्दै गएको एक तथ्यांकले देखाएको छ ।

विगत वर्षमा करिब एक सय पचासभन्दा बढीको मृत्यु भएको थियो ।

यसरी तीन वर्षको तथ्यांक हेर्दा मधेश प्रदेशका आठवटै जिल्लामा पानीमा डुबेर मुत्यु हुने ५ सय ८६ को मृत्यु भएको छ भने मृतक बालबालिकामध्ये बालकको संख्या बालिकाभन्दा बढी रहेको मधेश प्रदेश प्रहरी कार्यालयको तथ्यांकले देखाएको छ ।

गत असार २४ गते जनकपुरधाम उपमहानगरपालिका-१६ स्थित कपिलेश्वर बजार टोलस्थित भैया पोखरीमा डुबेर दिदीबहिनीको मृत्यु भएको थियो । मृत्यु हुनेमा चार वर्षीया आरोहीकुमारी राउत र तीन वर्षीया मैथिलीकुमारी राउत रहेका थिए ।

दुवै जना बिहान पोखरीमा नुहाउन गएका थिए । नुहाउने क्रममा गहिरो पानीमा फसेपछि उनीलाई बचाउन नसक्दा डुबेर मृत्यु भएको थियो । दुवै जनालाई अस्पताल लगिए पनि चिकित्सकले मृत घोषणा गरेको गरेको थियो ।



त्यस्तै गत जेठमा धनुषाकै कमला नगरपालिकामा सडक निर्माण गर्न खनिएको खाल्डोको पानीमा डुबेर नगरपालिका-२ स्थित सराबेका ७ वर्षीय रितिक साह र ५ वर्षीय रितिश साहको डुबेर मृत्यु भएको थियो । मुत्यु हुने बालक दाजुभाइ रामबाबु र श्यामबाबुका छोरा थिए ।

त्यस्तै गत वर्ष असार २० गते धनुषाको धनौजी गाउँपालिका-५ स्थित बहुअर्बाको सार्वजनिक पोखरीमा डुबेर तीन बालिकाको मृत्यु भएको थियो । मृत्यु हुनेमा मुस्कान खातुन, जिनत खातुन र अजमेरी खातुन रहेका थिए । १० देखि १२ वर्ष उमेर समूहका यी तीन जना बालिका स्थानीय घोंघा पोखरीमा नुहाउन गएका थिए । नुहाउने क्रममा एक्कासि उनीहरू डुब्न थाले होहल्लापछि स्थानीय युवाहरूले निकालेका थिए । तर उनीहरूमध्ये एकको उपचारका लागि अस्पताल लैजाँदै गर्दा बाटोमा मृत्यु भयो भने दुई जनाको उपचारको क्रममा मृत्यु भएको जनाइएको छ ।

मधेश प्रदेश प्रहरी कार्यालयका अनुसार पछिल्लो तीन वर्षमा पानीमा डुबेर मृत्यु हुनेमा मधेश प्रदेशमा ५८६ जना रहेका छन् भने त्यसमध्ये बालबालिका ३४० जना रहेका छन् । जसमा बालक २२७ र बालिका ११३ रहेका छन् ।

तथ्यांक अनुसार आर्थिक वर्ष २०८१/०८२ मा मधेश प्रदेशमा पानीमा डुबेर मृत्यु हुनेको जम्मा स\ट्या २५६ पुगेको छ, जसमा बालक ९६, बालिका ५४, पुरुष ८२ र महिला २४ रहेका छन् ।

त्यस्तै आर्थिक वर्ष २०८०/०८१ मा १७५ जनामा बालक ७३, बालिका ३९, पुरुष ५० र महिला १३ जना रहेका छन् भने २०७९/०८० मा १५५ जनामा बालक ४८, बालिका ३३, पुरुष ६२ र महिला १२ जना रहेको प्रदेश प्रहरी कार्यालयको तथ्यांकमा उल्लेख गरिएको छ ।

मधेश प्रदेश प्रहरी कार्यालयका कार्यालयका अपराध अनुसन्धान अधिकृत प्रहरी निरीक्षक सोनुकुमार साहले छारे रोग, जथाभावी बनाइएका खाल्डाखुल्डी र अभिभावकको लापरबाहीका कारण अधिकाशं बालबालिकाको पानीमा डुबेर मृत्यु भएको बताए । उनका अनुसार बालिकाभन्दा बालक र महिलाभन्दा पुरुषको पानीमा डुबेर मृत्यु भएको छ ।

डुबेर मृत्यु हुनेमा प्रदेशको आठवटै जिल्लामध्ये सबै भन्दा बढी धनुषामा मृत्यु भएको छ ।

# गिरीको उद्‌बोधन कार्यक्रम सम्पन्न

**टुडे समाचारदाता**

काठमाण्डु । राष्ट्रिय एकता अभियानद्वारा आयोजित विशेष कार्यक्रम अन्तर्गत महामण्डलेश्वर




सरिता गिरीको उद्‌बोधन कार्यक्रम सम्पन्न भएको छ । सनातन संस्कृति संरक्षण र हिन्दूत्व जागरणका उद्देश्यका साथ भ्रमणमा रहेकी महामण्डलेश्वर गिरीले कार्यक्रममा राष्ट्रिय एकता अभियानको संरक्षकको जिम्मेवारी निर्वाह गर्ने प्रतिवद्धता समेत व्यक्त गरे ।

कार्यक्रम अभियानका केन्द्रीय अध्यक्ष विनय यादवको अध्यक्षतामा सम्पन्न भएको थियो। सो कार्यक्रममा अभियानका उपाध्यक्ष भूपेन्द्र चौधरी, पूर्वमन्त्री ब्रज किशोर सिंह, सत्यनारायण मण्डल, शंकराचार्य पीठ परिषद् का अध्यक्ष दयाराम पाण्डेसहित विभिन्न अतिथिहरुले आफ्नो मन्तव्य राख्दै महामण्डलेश्वर गिरीलाई स्वागत गरेका थिए ।

उक्त कार्यक्रममा वक्ताहरूले राष्ट्रिय एकता, सामाजिक सद् भाव र हिन्दुत्व जागरणका लागि महत्वपूर्ण कदमको रुपमा व्याख्या गरेका थिए ।

# स्कुल बस पल्टिँदा विद्यार्थी घाइते



**टुडे समाचारदाता**

मलंगवा । सर्लाहीको चन्द्रनगर गाउँपालिका-१ स्थित फरिद टोलमा सोमबार विद्यालय बस पल्टिँदा पाँच जना विद्यार्थी र चालक घाइते भएका छन् ।

गाउँबाट विद्यार्थी लिएर विद्यालयतर्फ लिएर आउँदै गरेको ईश्वरपुर नगरपालिकास्थित बयलवासमा रहेको माउन्ट कन्चनजंघा बोर्डिङ स्कुलको ना. ५ ख. ७३७३ नम्बरको बस अनियन्त्रित भएर धान खेतमा पल्टिएको इलाका प्रहरी कार्यालय केशरगञ्जले जनाएको छ । सो दुर्घटनामा बस चालक ३२ वर्षीय रामकरण महतो, विद्यार्थी सात वर्षीया सृष्टी साह, १० वर्षीय सोनुकुमार महतो, सात वर्षीया सनीकुमार महतो, नौ वर्षीया सोनमकुमारी महतो र १३ वर्षीया उषा महतो घाइते भएका थिए ।

घाइते सबैको अवस्था सामान्य रहेको सर्लाही प्रहरीले जनाएको छ । घाइतेहरूको लालबन्दीस्थित मोडेल अस्पतालमा उपचार भइरहेको केशरगञ्जका प्रहरी निरीक्षक उमाकान्त जोशीले जनाए ।

# वडाध्यक्ष कुशवाहा पक्राउ

**टुडे समाचारदाता**



बारा । बाराको प्रसौनी गाउँपालिका-६ का वडाध्यक्ष बृजकिशोर कुशवाहा आपराधिक क्रियाकलापमा संलग्न रहेको आरोपमा प्रहरीले पक्राउ गरिएको छ ।

साउन २८ गते भएको शिक्षकमाथिको कुटपिट घटनासँग वडाध्यक्ष कुशवाहा सम्बन्धित रहेकाले उनलाई गएराति पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय बाराले जनाएको छ ।

बारा प्रहरीले दिएको जानकारी अनुसार वडा कार्यालयमै झैँझगडा र मदिरा सेवनपछि भएको कुटपिट घटनामा अध्यक्ष कुशवाहा करिब आठ जनाको समूहसहित संलग्न रहेको थियो । पीडित शिक्षक नागेश्वरकुमार यादवमाथि कुटपिट भएको घटनाको उजुरीका आधारमा अनुसन्धान अघि बढाइएको बाराका प्रहरी प्रमुख एसपी सन्तोष तामाङले जानकारी दिए । घटनापछि कुशवाहा फरार रहेका थिए ।

सो घटनामा संलग्न अन्य व्यक्तिहरूको खोजी कार्य तीव्र पारिएको छ । घटनाको सम्पूर्ण पृष्ठभूमि खोतल्ने काम जारी छ। कुनै पनि दोषी उम्कन नपाउने एसपी तामाङले बताए ।

साउन २८ गते भएको शिक्षकमाथिको कुटपिट घटनासँग वडाध्यक्ष कुशवाहा सम्बन्धित रहेकाले उनलाई गएराति पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय बाराले जनाएको छ ।

सो घटनासँगै अध्यक्ष कुशवाहाको आपराधिक गतिविधिमा संलग्नता पुनः चर्चामा आएको छ । यसअघि पनि उनीमाथि कुटपिट, चेक अनादर र आपराधिक लाभ सम्बन्धी तीन वटा छुट्टाछुट्टै मुद्दामा बारा जिल्ला अदालतले सजाय सुनाइसकेको छ । अदालतले चेक अनादर मुद्दामा ३ हजार, कुटपिटमा २ हजार र आपराधिक लाभमा १ हजार जरिवाना तिर्नुपर्ने फैसला गरेको थियो ।

तर फैसला कार्यान्वयन अघि नै उनी फरार भएका थिए । लामो समयदेखि कानुनी कार्यवाहीबाट भागिरहेका कुशवाहा जेठ ११ गते एक पटक पक्राउ परेका थिए, तर त्यसपछि पुनः सक्रिय भएका छन् ।

स्थानीय वासिन्दाहरूले जनप्रतिनिधि नै कानुनको उल्लंघनमा संलग्न हुनु दुःखद भएको प्रतिक्रिया दिएका छन् । बारा प्रहरीले सो घटनालाई गम्भीर रूपमा लिएर अगाडि बढाएको छ भने स्थानीय तहमा जनप्रतिनिधिहरूको आचरण र जिम्मेबारीप्रति पनि पुनर्विचार गर्नुपर्ने आवाज उठ्न थालेको छ ।

# वर्षाको पानीले धानबाली डुबान



**टुडे समाचारदाता**

रौतहट । रौतहटको कटहरिया-पेट्भर्वा-कलैया सडक खण्ड अन्तर्गत फतुवा विजयपुर-५ स्थित सन्तपुर दोस्तियामा डुबानपीडित किसानहरूले टायर बाल्दै सडक अवरुद्ध गरेका छन् ।

करिब ४० विघा धानबाली डुबानमा परेपछि पीडित किसानहरू आक्रोशित बनेका छन् ।

सडक अवरुद्ध भएपछि इलाका प्रहरी कार्यालय विजयपुरका इन्स्पेक्टर सुरेन्द्र यादव र शस्त्र प्रहरीका इन्स्पेक्टर बिकास श्रेष्ठ सडक खुलाउन प्रयासरत रहेका छन् । तर घटनास्थलमा स्थानीय जनप्रतिनिधिहरूको उपस्थिति शून्य देखिएको छ ।

पीडित किसान अमिर खानका अनुसार पहिले बाटोमा राखिएको होम पाइपमार्फत पानी निकास हुँदै आएको थियो । तर हाल उक्त निकास बन्द भएपछि खेतहरूमा पानी जमेको हो । यसले अमिर खान, नथुनी तलेवर, सेराज अन्सारी, नुराईन अन्सारी, आबिद अन्सारी, ताहिरलगायतका किसानको धानबाली जलमग्न भएको छ ।

कटहरिया-सन्तपुर-कलैया सडकखण्डको सन्तपुर चोकदेखि करिब २५० मिटर पश्चिमतर्फ बाटोको उत्तर दिशामा रहेका खेतहरू डुबानमा परेका छन् । पानीको निकास नहुँदा खेतसँगै पूर्वतर्फका बस्तीहरूमा पनि पानी पस्न थालेको स्थानीयले बताए ।

स्थानीय वासिन्दाले भने, "रातभर पानीको डरले न निद्रा लाग्यो, न त बिहान धान जोगाउने उपाय सोच्न सकियो। यदि फेरि भारी वर्षा भयो भने घरमै पानी पसी खाद्यान्न जोगाउन गाह्रो हुन्छ ।"

वडाध्यक्ष एजाज अहमदले समस्या समाधानका लागि तत्काल पहल गर्ने बताएपनी हुनसकेको छैन । कार्यवाहक मेयर अम्बेया खातुनकै गृह वडा भए पनि उनले घटनाप्रति चासो नदेखाएको भन्दै स्थानीयले असन्तोष व्यक्त गरे ।

सडक निर्माण गर्दा नाली जस्ता साना तर महत्त्वपूर्ण संरचना बेवास्ता गर्दा किसानको महिनौंको मेहनत पानीमै डुबेको छ ।

मौसमी असन्तुलन र अनियन्त्रित वर्षाले कृषि प्रणालीमाथि थप संकट खडा गरेको छ ।

स्थानीय सरकारको मौनता र ढिलासुस्तीले समस्या झनै जटिल बनाउने खतरा छ ।

विशेषज्ञहरूको भनाइमा, तत्काल पानी निकासको वैकल्पिक व्यवस्था, स्थायी नाली निर्माण आवश्यक छ ।

# साउदी रियालसहित एकजना युवक पक्राउ



**टुडे समाचारदाता**

राजविराज । सप्तरीको राजविराज विमानस्थलबाट झण्डै ३६ हजार साउदी रियालसहित एक युवकलाई नियन्त्रणमा लिएको जनाइएको छ ।

आइतबार दिउँसो राजविराजबाट काठमाण्डु जान लागेका खडक नगरपालिका-११ स्थित लंका टोलका ३३ वर्षीय मो. खुर्शिद आलमलाई नियन्त्रणमा लिएको छ ।

विमानस्थलमा चेकजाँचका क्रममा आलमको साथबाट स्रोत नखुलेको ३५ हजार ९ सय ७६ साउदी रियाल बरामद भएपछि नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालयका प्रवक्तासमेत रहेका डीएसपी जितेन्द्रकुमार बस्नेतले जानकारी दिए ।

उनले भने, 'उनी आफैंले कमाएर ल्याएको रियाल पनि हुनसक्छ तर बैंकमार्फत आउनुपर्ने रकम बोकेर ल्याउन मिल्दैन,' उनले भने, ' आलममाथि आवश्यक छानबिनका लागि आन्तरिक राजस्व कार्यालय ईटहरी पठाइएका छौं ।'

इ-सिगरेट प्रयोग नगरौं, सुरक्षित र स्वस्थ्य रहौं ।

इलेक्ट्रोनिक सिगरेट वा भेपिङ्ग पनि चुरोट वा अन्य सुर्तीजन्य पदार्थ जस्तै स्वास्थ्यको लागि हानिकारक हुन्छ ।

त्यसैले

- इ-सिगरेटले निकोटिनको लत बढाउँछ,
- यसले फोक्सोको रोगका साथै स्वास्थ्यमा गम्भीर असर पार्न सक्छ,
- धेरैजसो इ-सिगरेटमा विषालु रसायनहरु हुन्छन्,
- इ-सिगरेट सुरक्षित विकल्प नभई स्वास्थ्यका लागि हानिकारक हुन्छ,
- स्वस्थ जीवनका लागि धुम्रपान र इ-सिगरेट दुवैबाट टाढा बसौं ।

स्वस्थ बनौं हानिकारक वस्तुबाट टाढै रहौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८